‘मजदुर’
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

‘मजदुर’ दैनिक पत्रिका
नियमित पढ्ने गरौँ ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २१४ ★ ने. सं. ११४६ गुँला थ्व, द्वादशी ★ मङ्गलबार ★ ९ भदौ, २०८३ ★ August 25, 2026, Tuesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## षड्यन्त्रकारीहरूदेखि सावधान !

काठमाडौँ, ८ भदौ । प्रतिक्रियावादीभन्दा प्रतिक्रियावादी सङ्घ संस्थाभित्र पसेर देश र जनताको सेवा गर्नु लेनिनवादी नीति हो । यो नीतिअनुसार नेमकिपाले पञ्चायती चुनावलाई उपयोग गर्दै आएको हो । पञ्चायती व्यवस्थाभित्र पसेर पञ्चायती व्यवस्थाकै विरोधमा नेमकिपाले कानुनी र गैरकानुनी सङ्घर्ष गर्दै आएको हो । इमानदारीपूर्वक र नि:स्वार्थपूर्वक नेमकिपाले देश र जनताको सेवा गरिरहेकै कारण निरङ्कुश पञ्चायती व्यवस्थाका शासकहरू अतालिएका थिए । पञ्चायती शासकहरू नेमकिपाका नेता कार्यकर्तादेखि क्रूर थिए । नेमकिपाको लोकप्रियता सहन नसकेर र निरङ्कुश पञ्चायती व्यवस्था अन्त्यको निम्ति जिल्ला जिल्लाका जनताको घर आँगनमा पुगेर जनतालाई सचेत र सङ्गठित गरेको कारण पञ्चायती शासकहरू नेमकिपा र नेमकिपाका कार्यकर्ताहरूलाई आँखाका कसिङ्गर सम्झन्थे । त्यसकारण, पञ्चायती शासकहरू नेमकिपाको अस्तित्व नामेट पार्न अनेक जाल बुन्थे । प्रतिक्रियावादी, सामन्तवादी र पुँजीवादीहरू अनेक षड्यन्त्र र बेइमानीको राजनीति गरेर आफ्नो सत्तालाई टिकाउन र लम्ब्याउन चाहन्छन्; सत्ता लम्ब्याउन अनेक षड्यन्त्र र झूटको राजनीति गर्छन् । ‘भक्तपुर काण्ड’ पञ्चायती राज्यस्तरबाट रचिएको एक षड्यन्त्र हो ।

एउटा रुसी भनाइ छ, ‘जो आगोसँग खेल्छ, आगोमै मर्छ, जो पानीसँग खेल्छ पानीमै मर्छ ।’ पञ्चायती शासकहरूमा शक्तिको उन्माद थियो । सबै नेपाली पञ्च, सबै पञ्च नेपाली भनी उनीहरू खोक्थे । नेमकिपा र नेमकिपाका नेता कार्यकर्ताहरू पार्टी स्थापनादेखि नै पञ्चायती निरङ्कुश व्यवस्थाको विरोधमा लागेका थिए । पञ्चायती व्यवस्थाको विरोधमा समयमा अलिकति पनि बिचलित नभइकन नेमकिपा लडिरह्यो । मौलिक र राजनीतिक अधिकारको निम्ति निरन्तर सङ्घर्षरत पार्टी नेमकिपा नै हो । नेता तथा कार्यकर्ताहरू कानुनी र गैरकानुनी सङ्घर्ष गर्दै भूमिगत र अर्धभूमिगत भएर निरङ्कुश पञ्चायती व्यवस्थाविरुद्ध खटिरहे । नेमकिपाझैँ अन्य कम्युनिस्ट पार्टी, प्रजातान्त्रिक पार्टीहरू सङ्घर्षमा लागेका भए, जनताको घर आँगनमा पुगेर जनतालाई सचेत र सङ्गठित गरेका भए, बहुदलको प्रचारमा लागेका भए २०३७ सालमा भएको जनमतसङ्ग्रहकै बेला बहुदलीय व्यवस्था आउँथ्यो ।

पञ्चायती व्यवस्थाको विरोधमा लागेकै कारण नेता तथा कार्यकर्ताहरू पक्राउमा परे । पञ्चायती शासकहरू उनीहरूलाई जेल र प्रहरी थानामा शारीरिक र मानसिक यातना दिन्थे; झूटा मुद्दा राख्थे; जेलमा कोचिएर सताउँथे । पञ्चायती प्रशासकहरू जुलुस गर्न दिन्नथे; सभा सङ्गठन गर्न दिन्नथे; साहित्य गोष्ठी गर्न दिन्नथे । शान्तिपूर्ण जुलुस र सभा बिथोल्थे, लाठीप्रहार गर्थे, समात्थे, थुन्थे । पञ्चायती गुप्तचरहरू टोल-टोलमा खटाउँथे, पञ्चायती व्यवस्थाको विरोधमा लागेका नेता कार्यकर्तालाई पक्राउ गर्न गुप्तचरहरू ‘रातो घेरा’ राखेर चिह्न राख्थे । यसरी देश र जनताको सेवा गर्न, प्रजातान्त्रिक अधिकार, न्याय, समानता पाउन सङ्घर्षरत नेता तथा कार्यकर्तालाई अनाहकमा दु:ख दिएकै कारण उनीहरू आज पनि शिर ठाडो पारेर जनतासामु हिँड्दैनन्; उनीहरू अपराधबाट पीडित छन् र नुन खाएको कुखुरोझैँ निन्याउरो अनुहार लिएर हिँड्छन् ।

पञ्चायती व्यवस्थाको विरोधमा जुलुस, सभा गरेपछि जनतालाई बिउँझाउने काम गरेपछि जेल र खोरमा जानुपर्छ भन्ने कुरा नेमकिपाका नेता तथा कार्यकर्तालाई थाहा नभएको होइन । पञ्चायती व्यवस्थाको विरोधको क्रममा नेता तथा कार्यकर्ताहरू जेल र प्रहरी खोरमा भरिन्थ्यो । उनीहरू जेललाई राजनीतिक कार्यकर्ताको अर्को घर सम्झन्थे । शासक एवं प्रतिक्रियावादीहरूले जस्तोसुकै षड्यन्त्र गरे पनि, शारीरिक र मानसिक यातना दिए पनि, झूटा मुद्दा लगाए पनि नेता तथा कार्यकर्ताहरू झुकेनन्; बरु जोश र जाँगरका साथ जनताका हक अधिकारका निम्ति अघि बढे । देश र जनताको सेवा नै एक मात्र पार्टीको लक्ष्य भएको हुँदा जस्तोसुकै बाधा, अड्चन पार गरेर भए पनि उनीहरू अघि बढे । देशका शोषित पीडित र कामदार जनताको हक हितको निम्ति लडेर समाजवादी व्यवस्था ल्याउनु नै नेमकिपाको उद्देश्य हो ।

पञ्चायती शासकहरू कति क्रूर, निर्दयी र अहङ्कारी थिए भन्ने कुरा दमनबाटै थाहा हुन्छ । न्यायालयले न्याय दिनुभन्दा पहिले नै सरकारका प्रमुख जिम्मेवार व्यक्तिहरूले नै खुला सडकमा फाँसीको माग गर्दै न्यायालयलाई समेत चुनौती दिए । बिनापुर्जी अर्काको घरमा गई राष्ट्रिय अन्तर्राष्ट्रिय विषयका पुस्तकहरू जवरजस्ती लुटेर लानु निरङ्कुशतन्त्रकै चरित्र हो । तर, सिद्धान्तनिष्ठ नेता तथा कार्यकर्ताहरू कुनै

***बाँकी पृष्ठ २ मा***

## चीनका वरिष्ठ नेता चियाङ चियन-कुओ भक्तपुरमा



भक्तपुर, ८ भदौ । मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको राष्ट्रिय जनराजनीतिक परामर्शदातृ सम्मेलन (सीपीपीसीसी) को राष्ट्रिय समितिको स्थायी समितिका सदस्य चियाङ चियन-कुओ (Jiang Jianguo) ले २०८३ भदौ ४ गते भक्तपुरको अवलोकन भ्रमण गर्नुभयो ।

चीनको मानव अधिकार अध्ययन समाजका कार्यकारी उपाध्यक्ष तथा सीपीपीसीसीको जातीय तथा धार्मिक मामिला समितिका उपनिर्देशक रहेका चियाङसहित ६ सदस्यीय प्रतिनिधिमण्डल चारदिने भ्रमणको लागि भदौ २ गते काठमाडौँ आइपुगेको हो ।

चीनका वरिष्ठ नेता चियाङ र टोली सदस्यहरूलाई भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर लाय्कुको प्रवेशद्वारमा फूलको गुच्छा र खादा ओढाइ स्वागत गर्नुभयो ।

टोलीमा चिनियाँ मानव अधिकार अध्ययन समाजका उपमहासचिव

***बाँकी पृष्ठ ८ मा***

## ख्वप कलेज अफ इन्जिनियरिङसहित तीन शैक्षिक संस्थालाई क्यूएए प्रत्यायन

भक्तपुर, ८ भदौ । विश्वविद्यालय अनुदान आयोग (यूजीसी) ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङसहित रूपन्देहीका हरैया बहुमुखी क्याम्पस र पर्रोहा बहुमुखी क्याम्पसलाई एक समारोहबिच गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA-Quality Assurance and Accreditation) प्रमाणपत्र प्रदान गरेको छ ।

विश्वविद्यालय अनुदान आयोगको सभाकक्षमा सोमबार आयोजित कार्यक्रममा आयोगका अध्यक्ष प्रा.डा. खड्गबहादुर केसीले गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्राप्त गर्नु खुसीको विषय मात्र नभई शैक्षिक संस्थाको उज्ज्वल भविष्यतर्फको महत्त्वपूर्ण सङ्केत भएको बताउनुभयो । उहाँले क्यूएए प्रमाणपत्र प्राप्त गर्नुभन्दा पनि संस्थागत गुणस्तरलाई निरन्तर कायम राख्नु र अभिवृद्धि गर्नु अझ महत्त्वपूर्ण हुनेमा जोड दिनुभयो ।

स्थानीय तह भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङ प्राविधिक शिक्षाको उत्कृष्ट शैक्षिक गन्तव्यको रूपमा स्थापित भइसकेको उल्लेख गर्दै अध्यक्ष केसीले क्यूएए प्रत्यायनपछि कलेज अझ उत्कृष्ट ढङ्गले अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो । कुनै पनि शैक्षिक संस्थाको गुणस्तर मापन भौतिक पूर्वाधारका आधारमा मात्र नहुने बताउँदै उहाँले त्यहाँ अध्ययनरत विद्यार्थीको शैक्षिक प्रगति, उपलब्धि र समग्र विकास पनि उत्तिकै महत्त्वपूर्ण हुने धारणा व्यक्त गर्नुभयो ।

उहाँले हालसम्म देशभरका ११९ वटा कलेजले क्यूएए प्राप्त गरिसकेको र अन्य केही शैक्षिक संस्थाहरू प्रक्रियामा रहेको जानकारी दिनुभयो । क्यूएए प्राप्त कलेजहरूलाई विशेष गरी विश्वविद्यालयअन्तर्गतका शैक्षिक कार्यक्रम विस्तार गर्न थप सहज हुने उल्लेख गर्दै उहाँले गुणस्तरीय शैक्षिक संस्थाबाट मात्र गुणस्तरीय शिक्षा प्रदान गर्न सकिने बताउनुभयो ।

आयोगका सचिव प्रा.डा. रोजी श्रेष्ठले क्यूएएलाई अन्तिम उपलब्धिका रूपमा नभई निरन्तर सुधार र गुणस्तर

***बाँकी पृष्ठ ३ मा***

## नेपालभाषा साहित्य तः मुंज्याको तयारी स्वरूप मञ्च व्यवस्थापन समिति गठन

भक्तपुर, ८ भदौ । भक्तपुर नगरपालिका गोल्मढीमा हुने ४६ औँ नेपालभाषा साहित्य तः मुंज्याको तयारी स्वरूप सोमबार एक भेलाबिच मञ्च व्यवस्थापन समिति गठन गरिएको छ ।

भेलामा ग्वसाखलका अध्यक्ष उकेश कवांले ४६ औँ नेपालभाषा साहित्य तःमुंज्यालाई अवसरको रूपमा लिई सबै जना मिलेर भव्य रूपमा सम्पन्न गर्नुपर्ने बताउनुभयो ।

उहाँले मञ्च व्यवस्थापनमा धेरैको धेरै जिम्मेवारी रहने हुँदा सबैले आ- आफ्नो जिम्मेवारी सक्रियतापूर्वक बहन गरेर कार्यक्रम सफल बनाउन आग्रह गर्नुभयो ।

ग्वसाखलका उपाध्यक्ष कृष्णगोविन्द खाइजूले विगतमा भएका तःमुंज्याबाट सिकेर अब हुने तःमुंज्यालाई अझ राम्रोसँग पूरा गर्नुपर्ने बताउनुभयो ।


उहाँले मञ्च व्यवस्थापनमा विद्युत, प्राविधिक, सिकर्मी सबैको उत्तिकै भूमिका हुने भएकोले मञ्च व्यवस्थापन समितिको नियमित भेटघाट र बैठक बस्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रमबाट एण्डिज ग्वाछाको संयोजकत्वमा मञ्च व्यवस्थापन समिति गठन गरिएको छ । कार्यक्रममा सचिव पुरुषोतम ग्वाछाले पनि बोल्नुभएको थियो ।

देश र जनतामा समर्पित
हार्दिक बधाई
भक्तपुर नगरपालिकाद्वारा सञ्चालित
ख्वप कलेज अफ इन्जिनियरिङ्ग
ले विश्वविद्यालय अनुदान आयोग (UGC), नेपालबाट
Certificate of Institutional Accreditation
प्राप्त गरेकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित
ख्वप इन्जिनियरिङ्ग कलेज
(पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)
Find us at
०१-५१२२०९४, ५१२२२०२
www.khec.edu.np
लिवाली -८, भक्तपुर

# नगर प्रमुखसँग एभरेस्ट इङ्लिस स्कूलका विद्यार्थीको अन्तरक्रिया



भक्तपुर, ८ भदौ। एभरेस्ट इङलिस स्कूलका कक्षा ८ मा अध्ययनरत ११४ जना विद्यार्थीले सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा विषयअन्तर्गत सोमबार भक्तपुर नगरपालिकाको अवलोकन तथा नगर प्रमुख सुनिल प्रजापतिसँग अन्तरक्रिया गरेका छन्।

विद्यार्थीले प्रमुख प्रजापतिसँग स्थानीय सरकारको कामकारबाही, विकास निर्माण तथा जनसेवासम्बन्धी विविध विषयमा जानकारी लिएका थिए।

कार्यक्रममा विद्यार्थीहरूलाई मार्गनिर्देशन गर्दै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले जीवनमा के ठीक र के बेठीक हो भन्ने कुरा सोचेर मात्र अगाडि बढ्नुपर्ने बताउनुभयो। लोभले लाभ र लाभले विलाप निम्त्याउने भएकाले सधैं इमानदारीपूर्वक काम गर्न उहाँले विद्यार्थीहरूलाई सुझाव दिनुभयो।

चिट चोरेर परीक्षा उत्तीर्ण हुनुको कुनै अर्थ नहुने बताउँदै विद्यार्थीले मेहनत र परिश्रमलाई प्राथमिकता दिनुपर्नेमा उहाँले जोड दिनुभयो। मानिस चेतनशील प्राणी भएकाले आफूलाई सर्वश्रेष्ठ बनाउन निरन्तर प्रयास गर्नुपर्ने उहाँको भनाइ थियो।

नगर प्रमुख प्रजापतिले भक्तपुरको रूपान्तरणमा यहाँका अग्रज, जनप्रतिनिधि, कर्मचारी र स्थानीय जनताको सहयोगी भावना महत्त्वपूर्ण रहेको बताउनुभयो। उहाँले समर्पणको भावनाबिना कसैले पनि विकास गर्न नसक्ने भन्दै विद्यार्थीले मेहनत र समर्पणका साथ आफ्नो लक्ष्य हासिल गर्नुपर्ने बताउनुभयो।

उहाँले भक्तपुर नगरपालिकाले देशभर एउटै कानुन र प्रशासनिक परिधिभित्र रहेर आफ्नो छुट्टै पहिचान स्थापित गर्दै काम गरिरहेको बताउनुभयो। सम्पदा पुनर्निर्माणको क्रममा विदेशी सहयोग अस्वीकार गरी आफ्नै पौरख र जनताको सहयोगमा पुनर्निर्माण गरिएको स्मरण गर्नुभयो।

विद्यार्थीको जिज्ञासा स्पष्ट पार्दै नगर प्रमुख प्रजापतिले भक्तपुरलाई मौलिक सहरको स्वरूप प्रदान गर्ने उद्देश्यले नगरपालिकाले विभिन्न काम गर्दै आएको बताउनुभयो। उहाँले भक्तपुरको पहिचान र मौलिकता जोगाउन पुराना सम्पदा तथा ऐतिहासिक संरचनाको संरक्षण गर्नु महत्त्वपूर्ण रहेको उल्लेख गर्नुभयो।

उहाँले गरिब तथा विपन्न विद्यार्थीको शिक्षामा पहुँच सुनिश्चित गर्न नगरपालिकाले सहुलियत दरमा वार्षिक ७ लाख रूपैयाँसम्म शैक्षिक ऋण उपलब्ध गराउने व्यवस्था गरेको जानकारी दिनुभयो। त्यस्तै, विद्यार्थीलाई विभिन्न छात्रवृत्ति प्रदान गर्दै आएको बताउँदै आर्थिक अभावका कारण कुनै पनि विद्यार्थी शिक्षाबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले नगरपालिकाले काम गरिरहेको उहाँले स्पष्ट पार्नुभयो।

नगर प्रमुख प्रजापतिले गरिब तथा विपन्न नागरिकका लागि ख्वप अस्पतालमा नि:शुल्क उपचारको व्यवस्था गरिएको जानकारी दिनुभयो। उहाँले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण र सामाजिक सुरक्षालाई प्राथमिकतामा राख्दै नगरपालिकाले जनमुखी कार्यक्रम सञ्चालन गर्दै आएको बताउनुभयो।

विद्यार्थीहरूले नगर प्रमुख प्रजापतिसमक्ष विभिन्न विषयमा जिज्ञासा राखेका थिए। उनीहरूले गरिब तथा असहाय नागरिकका लागि नगरपालिकाले सञ्चालन गरेका कार्यक्रम, भक्तपुरलाई अझ सुन्दर र विकसित बनाउन बनाइएका योजना, हस्तकला तथा घरेलु उद्योग प्रवर्द्धनका लागि भइरहेका कामबारे प्रश्न गरेका थिए।

त्यसैगरी, बढ्दो जनसङ्ख्याबिच वातावरण संरक्षण तथा सुधारका लागि नगरपालिकाले गरेको प्रयास, भक्तपुरलाई नमुना नगर बनाउन विभिन्न निकाय तथा सङ्घसंस्थाबाट प्राप्त सहयोग, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा भएका नयाँ उपलब्धि र पर्यटकको भक्तपुर बसाइँ लम्ब्याउन नगरपालिकाले अघि सारेका योजनालगायतका विषयमा विद्यार्थीहरूले जिज्ञासा व्यक्त गरेका थिए।

भक्तपुर नगरपालिकाका प्रशासकीय अधिकृत दामोदर सुवालले विद्यार्थीलाई अनुशासित, इमानदार र जिम्मेवार भएर अघि बढ्न सुझाव दिनुभयो। उहाँले अध्ययनमा मेहनतसँगै असल आचरण र व्यवहारलाई पनि प्राथमिकता दिनुपर्ने बताउनुभयो।

नगर प्रमुख प्रजापतिले विद्यालयलाई नपाको प्रकाशन सामग्री उपहारस्वरूप प्रदान गर्नुभएको थियो। कार्यक्रममा विद्यालयको तर्फबाट नगर प्रमुख प्रजापतिलाई मायाको चिनो प्रदान गरिएको थियो।

# श्वेत भैरव साकोसमा बजेट तथा वार्षिक समीक्षा

भक्तपुर, ८ भदौ। श्वेत भैरव बचत तथा ऋण सहकारी लि. को 'बजेट तथा वार्षिक समीक्षा कार्यक्रम' सम्पन्न भयो।

कार्यक्रममा वाग्मती प्रदेश सांसद तथा नेमकिपाका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले "उत्पादनलाई बेवास्ता गर्नु, युवाहरू विदेश पठाउनु, देशमा अस्थिरता राख्नु, सहकारी संस्थाहरू भद्रगोल बनाउनु, आर्थिक हमला हो" भन्नुभयो। आर्थिक रूपमा समाज र देशप्रति सबैले आ-आफ्नो नजरले अवलोकन गरी मनन गर्नुपर्ने उहाँले बताउनुभयो।

"कृषिमा आधारित उद्योग नेपालको लागि एक उपयुक्त व्यवसाय हो र हाम्रो देशमा रोजगारी सिर्जना गर्नको लागि राम्रो वातावरण भए तापनि त्यसमा ध्यान नदिएकोले देश गरिब भएको हो," उहाँले भन्नुभयो।

उहाँले जेनजी आन्दोलनमा देशका अरबौं सम्पत्ति नष्ट भएको उल्लेख गर्दै अहिलेको सरकार पनि विदेशी जालको आडमा टिक्न खोजिरहेको बताउनुभयो।

संस्थाका संस्थापक अध्यक्ष नातिभाइ हयोम्बाले आफूहरू आर्थिक समस्या समाधान गर्न र आर्थिक सुशासन कायम गर्न संस्था स्थापना गर्न लागिपरेको चर्चा गर्दै गलत कार्य गर्ने सहकारी संस्थाहरूले गर्दा असल सहकारी संस्थाको पनि बदनाम भइरहेको बताउनुभयो।

संस्थाका अध्यक्ष एवम् कार्यक्रमका सभापति जितेन्द्र खायमलीले संस्थाले टोल, समाज र देशको हितमा काम गर्नुपर्ने स्पष्ट पार्दै इमानदार र आर्थिक अनुशासनमा बसी काम गर्नु नै यस संस्थाको बलियो पक्ष हो भन्नुभयो। उहाँले आउँदो भदौ २१ गते २२ औं स्थापना दिवस, रक्तदान तथा वृद्ध सदस्यता सम्मान गरी मनाउने र असोज १७ गते १९ औं साधारणसभा गर्ने जानकारी दिनुभयो।

कार्यक्रममा सचिव रत्नप्रसाद सैंजुले प्रस्तुत गर्नुभएको वार्षिक प्रतिवेदन तथा कोषाध्यक्ष लक्ष्मीप्रसाद दुवालले प्रस्तुत गर्नुभएको आव २०८३/०८४ को बजेट सर्वसम्मतले पारित गर्‍यो।

सो कार्यक्रममा उपाध्यक्ष सत्यनारायण गाईजुले स्वागत मन्तव्य र प्रबन्धक कृष्णसुन्दर खायमलीले उद्घोषण गर्नुभएको थियो।

# झौखेलमा 'भक्तपुर काण्ड' को भर्त्सना कार्यक्रम

भक्तपुर, ८ भदौ। नेपाल मजदुर किसान पार्टी, चानपा ३ झौखेलको आयोजनामा नेपाल मजदुर किसान पार्टीलाई जरैदेखि अन्त्य गर्ने उद्देश्यले पञ्चायती राज्यस्तरबाट रचिएको षड्यन्त्र 'भक्तपुर काण्ड' (२०४५ साल भदौ ९) को विरोध तथा भर्त्सना कार्यक्रम आइतबार सम्पन्न भयो।

उक्त कार्यक्रममा नेमकिपा, जिल्ला समिति भक्तपुरका उपाध्यक्ष एवं चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजुले नेमकिपाले पञ्चायती निर्वाचनलाई उपयोग गरी कामदारवर्गका जनतालाई राजनीतिक, वैचारिक र व्यवहारिक रूपमा सचेत एवम् सङ्गठित गर्दै शासकवर्गमा पुऱ्याउने उद्देश्यका साथ कार्य गर्दै आइरहेको बताउनुभयो।

उहाँले पुँजीवादी व्यवस्थाको सरकार पनि जालीफटाहा र षड्यन्त्रकारीहरूको सञ्चालक समिति हुने भएकोले फरक ढङ्गबाट नेमकिपाका नेता, कार्यकर्ता तथा जनतालाई विभिन्न षड्यन्त्रमा फसाउने प्रबल सम्भावना भएकोले त्यसबाट बच्न र बचाउन सचेत, सजग र सङ्गठित हुनुपर्ने आवश्यकता औँल्याउनुभयो।

उहाँले रास्वपा सरकारले शिक्षा र स्वास्थ्यमा ३ प्रतिशत कर लगाउनु, विद्युतमा ५ प्रतिशत भ्याट लगाउनु, राइड सेरिङमा अचाक्ली कर बढाउनु जनघाती कदम भएको बताउनुभयो।

नेपाल मजदुर किसान पार्टी, चानपा ३ झौखेलका सचिव कृष्णराम सुलुले भक्तपुर काण्डको बारेमा चर्चा गर्दै झौखेल, छालिङ, दुवाकोटलगायतका जनतालाई समेत पञ्चायतका मतियार र स्थानीय जालिफटाहाहरूले दु:ख दिएको स्मरण गराउनुभयो।

# गुवाहाटीमा नेपाली बक्सिङ टोलीद्वारा स्थलगत निरीक्षण

काठमाडौँ, ८ भदौ। जापानको आइचि-नागोयामा आयोजना हुने २० औं एसियाली खेलकुद प्रतियोगिताको पूर्वतयारी स्वरूप नेपाली बक्सिङ टोलीको भारतको गुवाहाटी, आसाममा उच्चस्तरीय वैदेशिक बन्द प्रशिक्षण जारी छ। स्पोर्ट्स अथोरिटी अफ इन्डिया (SAI) को आसामस्थित क्षेत्रीय कार्यालयको विशेष समन्वय तथा प्राविधिक सहयोगमा यो प्रशिक्षण सञ्चालन भइरहेको हो।



गुवाहाटीमा सञ्चालित बन्द प्रशिक्षण शिविरको नेपाल बक्सिङ महासङ्घका महासचिव मानबहादुर भण्डारी, कोषाध्यक्ष गौतम सुजखु, वाग्मती प्रदेश बक्सिङ सङ्घका अध्यक्ष रामचन्द्र थापामगर, अन्तर्राष्ट्रिय निर्णायक सन्तोष आलेमगर तथा अन्तर्राष्ट्रिय प्रशिक्षक रमेशदास श्रेष्ठ सम्मिलित उच्चस्तरीय प्रतिनिधिमण्डलले स्थलगत निरीक्षण एवं अनुगमन गरेको छ।

**सहभागी खेलाडी तथा प्रशिक्षक टोली**

वैदेशिक प्रशिक्षणमा ३ महिला र ४ पुरुष गरी कुल ७ जना खेलाडी र २ जना प्रशिक्षक गरी ९ जनाको टोली सहभागी छ। टोलीको मुख्य प्रशिक्षकमा राज श्रेष्ठ र प्रशिक्षकमा दीपक महर्जन रहनुभएको छ।

महिला तर्फ
५१ केजी : रमिशा श्रेष्ठ
५४ केजी : अस्मिता दुवाल
६५ केजी : कुसुम तामाङ
पुरुष तर्फ
५४ केजी : चन्द्रबहादुर थापा
६० केजी : खगेन्द्र रोकामगर
७० केजी : दानबहादुर दर्लामीमगर
९० केजी : रबिन नेपाल

**निरीक्षणका मुख्य विवरण**

**पूर्वाधार र प्राविधिक अवलोकन :** प्रतिनिधिमण्डलले SAI को अत्याधुनिक खेल पूर्वाधारमा भइरहेको प्राविधिक सेसन, स्पारिङ (Sparring), खेलाडीहरूको शारीरिक फिटनेस, डाइट तथा स्वास्थ्य अवस्थाको प्रत्यक्ष निरीक्षण गर्‍यो।

**रणनीतिक छलफल :** महासङ्घका पदाधिकारी तथा अन्तर्राष्ट्रिय विज्ञहरूसहितको टोलीले हेड कोच राज श्रेष्ठ र प्रशिक्षक दीपक महर्जनसँग खेलाडीको प्रदर्शन र तयारी रणनीतिका विषयमा गहन छलफल गर्‍यो।

**उच्च मनोबल र प्रोत्साहन :** निरीक्षणका क्रममा पदाधिकारीहरूले खेलाडीहरूलाई वैदेशिक प्रशिक्षणको अधिकतम उपयोग गर्दै २० औं एसियाली खेलकुदमा देशका लागि ऐतिहासिक पदक दिलाउने लक्ष्यका साथ प्रस्तुत हुन प्रोत्साहन र शुभकामना व्यक्त गरे।

स्पोर्ट्स अथोरिटी अफ इन्डियाको उच्चस्तरीय प्राविधिक वातावरणमा भइरहेको यो वैदेशिक बन्द प्रशिक्षणले नेपाली बक्सिङ टोलीको क्षमता अभिवृद्धि गरी एसियाली खेलकुदमा उत्कृष्ट नतिजा ल्याउन महत्त्वपूर्ण योगदान पुऱ्याउने महासङ्घले विश्वास लिएको छ।

साथै आगामी दिनमा पनि प्रशिक्षणलाई निरन्तरता दिन सम्झौता गर्ने भएको छ। महासचिव भण्डारीको समन्वयमा नेपाली बक्सिङ टोलीलाई टिसर्ट र ट्र्याकसुट वितरण गरिएको छ। सो को प्रायोजक अमेरिका निवासी बक्सिङ प्रशिक्षक धुर्वलाल श्रेष्ठ र बिजयसिंह डंगोल गरेका थिए।

# पर्यटन विधेयकमा आरोहीको बीमादेखि 'फेक रेस्क्यु' नियन्त्रणसम्मका सुझाव

काठमाडौँ, ८ भदौ। पर्यटन विधेयकमा आरोहीको बीमादेखि 'फेक रेस्क्यु' नियन्त्रणसम्मका सुझाव पर्यटन क्षेत्रमा सरोकार भएकाहरूले दिएका छन्।

'पर्यटन विधेयक, २०८१' का सम्बन्धमा अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको सोमबारको बैठकमा उनीहरूले पर्यटन क्षेत्रको समग्र विकासमा जोड दिएका हुन्। नेपाल पर्वतारोहण सङ्घका अध्यक्ष फुर्गेल्जे शेर्पाले सङ्घमा दुई हजार २६० जना आरोही, मजदुर तथा पर्यटन प्रवर्द्धनमा संलग्न व्यक्ति आबद्ध रहेका जानकारी दिँदै पर्यटन क्षेत्रका सबै समस्या सम्बोधन हुनुपर्नेमा जोड दिनुभयो।

ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) का अध्यक्ष सागर पाण्डेले वार्षिक तीन लाखभन्दा बढी पर्यटक पदयात्रामा जाने गरेका तथा त्यसमा तीन लाखभन्दा बढीले प्रत्यक्ष रूपमा रोजगारी पाएका बताउनुभयो।

*षड्यन्त्रकारीहरुदेखि...*

पनि षड्यन्त्रको विरोध गर्न पछि परेनन्। त्यसो त पञ्चायती शासकहरूले पार्टी विभाजन गर्न नेता, कार्यकर्तालाई विचलित बनाउन, भड्काउने प्रयास बेलाबखत नगरेका होइनन्। यसका निम्ति पञ्चायती शासकहरूले गुप्तचर खटाए, नेता, कार्यकर्तालाई लोभ लालच देखाए, कतिलाई धम्काए, तर्साए; कहिलेकाहीं निहुँ खोजेर मुद्दा लगाए, शारीरिक र मानसिक यातना दिए। प्रतिक्रियावादीका यस्ता अनेक षड्यन्त्र र चालबाजीमध्ये भक्तपुर काण्ड पनि एक हो। यो राज्यस्तरबाट रचिएको काण्ड हो। पञ्चायती राज्यस्तरबाट रचिएको भक्तपुर काण्डको सर्वत्र विरोध भयो। सर्वत्र भण्डाफोर भयो। पञ्चायती षड्यन्त्रको विरोधमा सञ्चारकर्मी, मानव अधिकारवादी, कानुनविद्, राजनीतिज्ञलगायत बुद्धिजीवीहरू लागे। पञ्चायती व्यवस्थाको बदनाम भयो। पञ्चायती नेता, मन्त्री, पञ्च र गुण्डाहरू नेपाली जनतामाझ उदाङ्गिए। ह्योजुकाण्ड राज्यस्तरबाट रचिएको षड्यन्त्र सावित भयो। यसको कारण पञ्चायती व्यवस्था नै अन्त्य भयो।

सङ्क्षिप्त समाचार

## खप टेबलटेनिस प्रतियोगितामा रमन रञ्जितको जित

भक्तपुर, ८ भदौ । ख्वप मा.वि., ख्वप कलेज र शारदा क्याम्पस मा.वि.मा अध्ययरत विद्यार्थीबिच भएको टेबलटेनिस प्रतियोगितामा व्यवस्थापन कक्षा ११ विद्यार्थी रमन रञ्जित प्रथम हुनुभएको छ ।

सोमबार सम्पन्न फाइनल खेलमा रमनले आयुष बोयुजुलाई ३/१ ले पराजित गरेको थियो । प्रतियोगितामा विज्ञान ११ का विद्यार्थी आयुष बोयुजु द्वितीय तथा व्यवस्थापन ११ का सुसन बमजन र विज्ञान ११ का अनुचान आचार्य संयुक्त रूपमा तृतीय भएको थियो ।

## कपिलवस्तुमा १२ करोड लगानीमा तेल उद्योग सञ्चालन

कपिलवस्तु, ८ भदौ । मायादेवी गाउँपालिका-५, सिहोरहवामा करिब रु. १२ करोडको लागतमा 'भारद्वाज तेल उद्योग' सञ्चालन गरिएको छ ।

स्थानीयस्तरमा रोजगारी सिर्जना गर्ने उद्देश्यले स्थापना गरिएको उक्त उद्योगमा राइस ब्रान नामको खाने तेल उत्पादन सुरु गरिएको हो ।

प्रबन्धक ओमशङ्कर उपाध्यायले ८० जनालाई रोजगारी दिइएको बताउँदै उद्योगले वार्षिक चार हजार ५०० मेट्रिक टन तेल उत्पादन गर्ने लक्ष्य लिएको छ । राइस ब्रान तेल मानव स्वास्थ्यका लागि उपयोगी खाने तेलमध्ये एक रहेको उहाँले दाबी गर्नुभयो । उद्योगबाट उत्पादित तेलमा भिटामिन 'ए' र 'डी' फोर्टिफाइड गरिएको जनाइएको छ । "मानव शरीरका लागि उपयोगी र गुणस्तरीय तेल उत्पादन गर्ने हाम्रो उद्देश्य हो," उहाँले भन्नुभयो । उद्योगले हाल प्रतिलिटर रु. ३६५ मा तेल बिक्री गरिरहेको छ ।

मायादेवी गाउँपालिकाका अध्यक्ष वलीउद्दिन मुसलमानले उद्योग स्थापनाबाट स्थानीयले रोजगारी पाएको बताउनुभयो । *रासस*

## जुम्लाबाटै सेवा निवृत्त कर्मचारीले प्राप्त गरे ई-पेन्सन सेवा

जुम्ला, ८ भदौ । हिमाली जिल्ला जुम्लामा ई-पेन्सन सेवा सञ्चालनमा ल्याइएसँगै सेवा निवृत्त कर्मचारीलाई सहज भएको छ ।

निजामती कर्मचारीका लागि पहिलो पटक ई-पेन्सन सेवा सुरु गरिएको कोष तथा लेखा नियन्त्रक कार्यालय जुम्लाका कोष नियन्त्रक मञ्जित अछामीले जानकारी दिनुभयो । सङ्घीय सरकारको अर्थ मन्त्रालयले सुरु गरेको ई-पेन्सन सेवा जुम्लामा पनि कार्यान्वयनमा ल्याएकामा गतवर्ष चारजना कर्मचारी त्यो सेवा प्राप्त गरेको उहाँको भनाइ छ ।

कृषि विकास कार्यालयका कृषि अधिकृत कमल थापा क्षेत्रीले चन्दननाथ नगरपालिकाबाट पहिलो सेवाग्राहीका रूपमा त्यस सेवा लिनुभएको जानकारी दिइएको छ । स्थानीय तहबाटै ई-पेन्सन सेवा उपलब्ध भएपछि काठमाडौं जान पर्ने बाध्यता हटेको छ । *रासस*

## देशको अवस्थाबारे उब्जिएका प्रश्न

● शोभा ज्ञवालीले 'नागरिक दैनिक'को भदौ ८ गतेको अङ्कमा लेखिन्– "गरिमा चौधरीको मृत्युले एउटा परिवारको मात्र काख रित्तिएको छैन, यसले हाम्रो समाजको विवेकमाथि गम्भीर प्रश्न उठाएको छ ।"

निर्मला पन्त, गरिमा चौधरीलगायत बलात्कृत भई हत्या हुनु के नेपालमा छोरी भएर जन्मनुको अपराध हो ? के सरकारमा गएकाहरूको निर्मला पन्त र गरिमा चौधरीजस्ता छोरीहरू छैनन् ? सरकारमा गएकाका छोरीहरू बलात्कारपछि हत्या भए के २० लाख रुपैयाँ दिएर पीडित आमाबुबासँग सम्झौता गरी बलात्कारी र हत्यारालाई छुट दिने हो ?

● तत्कालीन माओवादीको नाम नै हटाएर नेकपाको नेतृत्वमा पुगेका पुष्पकमल दाहालले पछिल्लो समय पार्टी रणनीति बिर्सेर सत्ता बनाउने र ढलाउनेमा लाग्नु भूल भएको दोहोऱ्याए । नेका, एमाले, तत्कालीन माओवादी, रास्वपा, राप्रपा, जनमोर्चा, मधेस आधारित दलहरू ३५ वर्षयता सङ्घीय सरकारमा पालैपालो पुग्ने चक्करमा फसेको र यसैकारण भदौ २३ र २४ गते उपद्रव मच्चाउनेहरूलाई मौका मिलेको किन होइन ? यतिखेर वाग्मती प्रदेश सरकार भागबन्डाको चक्करमा परेको राप्रपा विखण्डनको सङ्घारमा पुग्दै छ ।

● २०५१ सालमा एमालेको मनमोहन अधिकारीको अल्पमतको सरकार ढल्दै थियो । त्यसबेला एमालेले नेकाका केही सांसदहरू खरिद गर्न २ करोड रुपैयाँ पठाएको तर सरकार नजोगिएको सार्वजनिक भएको थियो ।

२०५३ सालमा नेकाको शेरबहादुर देउपाको अल्पमतको सरकार जोगाउन नेकाले राप्रपालगायतका सांसदहरू अपहरण गरी भारत, थाइल्यान्डसम्म पुऱ्याएको थियो ।

२०५४ सालमा राप्रपाको लोकेन्द्रबहादुर चन्दको सरकार जोगाउन सांसदहरूलाई होटलमा थुनेर असामाजिक चलचित्रसमेत देखाइएको सार्वजनिक भएको थियो ।

यतिबेला वाग्मती प्रदेश सरकार गठनको लागि एमालेले राप्रपाका संसदीय दलको नेताको हस्ताक्षर गरायो भने ३ जनालाई मन्त्रीसमेत बनायो । अध्यक्ष लिङ्देन अब अनुशासन उल्लङ्घन गर्ने प्रदेश सांसदहरूलाई निकाला गर्ने हो या आफै राजीनामा दिई निस्कने दुविधामा रहेको पनि सार्वजनिक भयो ।



**दीक्षान्त समारोहमा सहभागी प्रशिक्षार्थी धिमे बाजा बजाउँदै**
भक्तपुरको निओ फ्युजन बाजा समूहमा धाँ, धिमे र बाँसुरी बाजा सिकेका ५८ जना प्रशिक्षार्थी प्रशिक्षण पूरा भएपश्चात् आज भएको 'बाजा दीक्षान्त' समारोहमा नेवार संस्कृतिका परम्परागत धिमे बाजा बजाउँदै । *तस्बिर: रेणु त्वानाबासु/रासस*

# काभ्रेमा १० हजार जनाद्वारा उच्च रक्तचापको औषधि सेवन

काभ्रेपलाञ्चोक, ८ भदौ । काभ्रेलाई नसर्ने रोगको सिकाइ केन्द्र बनाइने भएको छ । यसका लागि प्राथमिक स्वास्थ्य सेवा सुदृढ गर्दै जिल्लालाई राष्ट्रिय नमुना तथा सिकाइ केन्द्रका रूपमा विकास गर्ने विषयमा यहाँ प्रतिबद्धता जनाइएको छ ।

सो विषयमा संवाद तथा नीतिगत छलफलमा जिल्लाका १३ वटै स्थानीय तहका प्रमुखले यस्तो प्रतिबद्धता पनि जनाएका छन् । स्वास्थ्य सेवा विभाग, नसर्ने रोग तथा मानसिक स्वास्थ्य शाखा प्रमुख डा. पोमावती थापाले काभ्रेमा नसर्ने रोगको रोकथाम तथा व्यवस्थापनका क्रममा हालसम्म प्राप्त उपलब्धि, अनुभव र सिकाइबारे कार्यपत्र प्रस्तुत गर्दै यसबाट उच्च रक्तचापबाट उत्पन्न हुनसक्ने जटिलता न्यूनीकरणमा सहयोग पुगेको बताउनुभयो ।

विसं २०७९ भदौ १७ गतेदेखि सुरु गरिएको अभियानअन्तर्गत जिल्लाका १३ वटै स्थानीय तहका १६७ स्वास्थ्य संस्थाबाट उच्च रक्तचापका बिरामीको पहिचान, उपचार र निगरानी भइरहेको जनाइएको छ । स्थानीय सरकार र विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) को सहयोगमा ६१८ स्वास्थ्यकर्मीलाई तालिम प्रदान गरिसकिएको छ भने जिल्लाका करिब १० हजार व्यक्ति नियमित रूपमा उच्च रक्तचापको औषधि सेवन गरिरहेका छन् ।

जिल्लामा सुरु गरिएको यस नमुना कार्यक्रम नेपालमै पहिलो भएको र त्यसको अनुभवका आधारमा हाल पर्सा, बारा, कैलाली र इलाममा पनि विस्तार गरिएको स्वास्थ्य सेवा विभागले जनाएको छ । आगामी दिनमा यस्तो कार्यक्रम क्रमश: अन्य जिल्लामा विस्तार गर्ने तयारी रहेको विभागले जनाएको हो ।

एक तथ्याङ्कअनुसार प्रत्येक वर्ष एक लाख ३७ हजारभन्दा बढी मानिसको मृत्यु नसर्ने रोगका कारण हुने गरेको र करिब ४७ लाख व्यक्ति उच्च रक्तचापको जोखिममा रहेका छन् । दक्ष स्वास्थ्यकर्मीमा आधारित सेवा, प्रोटोकलअनुसार उपचार, प्रभावकारी बिरामी प्रेषण प्रणाली, बिरामीको 'ट्र्याकिङ' तथा बिरामीको 'फलोअप', औषधिको नियमितता र आपूर्ति सुनिश्चिततालाई प्राथमिकता दिनुपर्नेमा जोड दिएको छ ।

यस्तै, सङ्गठनका वरिष्ठ स्वास्थ्य नीति सल्लाहकार डा. ग्याम्पो दोर्जीले काभ्रेको अनुभव अन्य जिल्लाका लागि महत्त्वपूर्ण हुने उल्लेख गर्दै बिरामीको नियमित रेखदेख तथा औषधिको निरन्तरतामा विशेष ध्यान दिनुपर्ने धारणा राख्नुभएको छ । वाग्मती स्वास्थ्य मन्त्रालयका सचिव डा. सुमित्रा गौतमले काभ्रेको सिकाइ देशभर नमुना हुने तर्क गर्नुभएको छ ।

छलफलमा उच्च रक्तचापको उपचारबाट लाभ लिइरहेका दुई सेवाग्राहीले स्वास्थ्यकर्मीको नियमित सेवा र आफूहरूको नियमित औषधि सेवनले आफूहरूले नयाँ जीवन पाएको सुनाउनुभयो । उहाँहरूले उच्च रक्तचापसम्बन्धी कार्यक्रमलाई प्रभावकारी बनाउन जनचेतनामूलक प्रचार-प्रसार अघि बढाउनसमेत सुझाउनुभएको छ ।

'गोलमेच नीतिगत संवाद' नामकरण गरिएको कार्यक्रममा नौबुँदे प्रतिबद्धतापत्रसमेत सार्वजनिक गरियो । प्रतिबद्धतापत्रमा नागरिकलाई स्वास्थ्य सेवाको केन्द्रमा राखिने, नसर्ने रोगसम्बन्धी कार्यक्रमलाई निरन्तरता दिँदै सेवा विस्तार गर्ने तथा तीन तह सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय-सहकार्य सुदृढ गर्ने र दिगो प्राथमिक स्वास्थ्य सेवा प्रणाली विकास गर्ने उल्लेख गरिएको छ ।

यस्तै, काभ्रेलाई प्राथमिक स्वास्थ्य सेवाको राष्ट्रिय सिकाइ केन्द्रका रूपमा विकास गर्ने, स्रोत परिचालन तथा समन्वयमार्फत कार्यक्रमको दिगोपन सुनिश्चित गर्ने, तथ्य र परिणामका आधारमा जवाफदेहिता कायम गर्ने, राष्ट्रिय स्वास्थ्य-प्रणाली रूपान्तरणमा स्थानीय तहको नेतृत्व स्थापित गर्ने तथा जिल्लालाई राष्ट्रिय र अन्तर्राष्ट्रिय सिकाइ तथा नमुना केन्द्रका रूपमा विकास गर्ने प्रतिबद्धता जनाइएको छ । प्रतिबद्धतापत्रमा काभ्रेपलाञ्चोकका १३ वटै स्थानीय तहका प्रमुखले हस्ताक्षर गरेका छन् ।

विश्व स्वास्थ्य सङ्गठन, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, स्वास्थ्य तथा वाग्मती प्रदेशको सामाजिक विकास मन्त्रालय, काभ्रेका १३ स्थानीय तह र जिल्लस्थित जनस्वास्थ्य कार्यालयले स्वामित्व ग्रहण गरेका छन् । *रासस*

***ख्वप...***

अभिवृद्धिको प्रक्रियाका रूपमा लिनुपर्ने बताउनुभयो । गुणस्तर एकपटक कायम गरेर मात्र नपुग्ने भएकाले यसलाई निरन्तरता दिन आवश्यक रहेको उहाँको भनाइ थियो ।

ख्वप कलेज अफ इन्जिनियरिङका समकक्षी परीक्षण टोलीका संयोजक प्रा.डा. जीवराज पोखरेलले क्यूएए प्राप्त तीनवटै शैक्षिक संस्थालाई बधाई दिँदै ख्वप कलेज अफ इन्जिनियरिङले अध्ययन-अध्यापनसँगै अनुसन्धानको क्षेत्रमा पनि उल्लेखनीय प्रगति हासिल गरिरहेको बताउनुभयो ।

समकक्षी परीक्षण भ्रमणको क्रममा कलेजले आवश्यक कागजात तथा विवरणहरू समयमै उपलब्ध गराएको तथा गुणस्तर अभिवृद्धिका लागि दिइएका सुझावहरू कार्यान्वयन गरेको उहाँले बताउनुभयो । कलेजले नियमित रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गर्नुका साथै विद्यार्थीका लागि पाठ्यक्रममा उल्लेखित विषयवस्तुभन्दा बाहिरका थप प्रयोगात्मक कक्षाहरू सञ्चालन गरी व्यावहारिक ज्ञान र सीप विकासमा जोड दिइरहेको उहाँले उल्लेख गर्नुभयो ।

त्रिभुवन विश्वविद्यालय आन्तरिक गुणस्तर सुनिश्चितता समितिका निर्देशक अच्युत अधिकारीले गुणस्तर एकै दिनमा प्राप्त गर्न नसकिने भएकोले यसका लागि निरन्तर प्रयास, धैर्यता र सुधार आवश्यक हुने बताउनुभयो । उहाँले क्यूएए प्रमाणपत्र प्राप्त गरिसकेपछि पनि शैक्षिक संस्थाले नियमित रूपमा गुणस्तर अभिवृद्धिका लागि कार्य गर्दै जानुपर्नेमा जोड दिनुभयो ।

विश्वविद्यालय अनुदान आयोगअन्तर्गत शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद् सचिवालयका उपनिर्देशक भगवती पौडेलले तीनवटै शैक्षिक संस्थाको सङ्क्षिप्त परिचय प्रस्तुत गर्दै उनीहरूले पूरा गरेको क्यूएए प्रक्रियाबारे जानकारी दिनुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालले कलेजको समकक्षी परीक्षण गरी क्यूएए प्रत्यायन प्रदान गरेकोमा विश्वविद्यालय अनुदान आयोगप्रति आभार व्यक्त गर्नुभयो । उहाँले धैर्यतापूर्वक कलेजको मूल्याङ्कन तथा परीक्षण सम्पन्न गरेकोमा समकक्षी परीक्षण टोलीलाई धन्यवाद दिनुभयो ।

उहाँले गुणस्तर अभिवृद्धिका लागि कलेज सधैँ तत्परताका साथ अघि बढिरहने प्रतिबद्धता व्यक्त गर्दै विश्वविद्यालय अनुदान आयोगले गुणस्तर सुनिश्चितता तथा अभिवृद्धिका लागि निर्धारण गरेका मापदण्डहरूलाई कलेजले कानुनसरह पालना गर्दै अघि बढ्ने बताउनुभयो । सो अवसरमा उहाँले विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष एवं सचिवलाई मायाको चिनो तथा कलेजका प्रकाशनहरू प्रदान गर्नुभयो ।

रूपन्देहीका हरैया बहुमुखी क्याम्पस र परोँहा बहुमुखी क्याम्पसका प्रतिनिधिहरूले पनि क्यूएए प्रत्यायन प्राप्त गरेकोमा खुसी व्यक्त गर्दै संस्थागत गुणस्तर सुनिश्चितता र निरन्तर सुधारप्रति आ-आफ्नो प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

ख्वप कलेज अफ इन्जिनियरिङले प्राप्त गरेको क्यूएए प्रत्यायनले गुणस्तरीय प्राविधिक तथा इन्जिनियरिङ शिक्षा प्रदान गर्ने कलेजको निरन्तर प्रयास र प्रतिबद्धतालाई थप संस्थागत मान्यता प्रदान गरेको छ ।

। सम्पादकीय ।

# भक्तपुर कान्डको विरोध एवम् भत्सर्ना गरौँ !

तत्कालीन पञ्चायती सरकारले राज्यस्तरको षड्यन्त्र रचेर २०४५ साल भदौ ९ गते नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छैँ (रोहित) र यसका कार्यकर्ताहरूविरूद्ध झूटा ज्यान मुद्दा लगाई पार्टी नै समाप्त पार्न खोजेको थियो। देश र जनताको नि:स्वार्थ सेवा गर्नेहरूको लागि पञ्चायती व्यवस्था बाधक थियो। नेपाली जनतासँगै नेपाल मजदुर किसान पार्टीले पञ्चायती सामन्तवादको विरोध गर्नु स्वाभाविक थियो र गर्‍यो। पञ्चायती सरकारले यसकारण पनि नेमकिपाविरूद्ध षड्यन्त्र गरेको थियो। तर, त्यो षड्यन्त्रमा पञ्चायती व्यवस्था आफै पर्‍यो। नेपाल मजदुर किसान पार्टी देश र जनताको नि:स्वार्थ रूपमा सेवा गर्न स्थापना भएको हुँदा अन्तत: पञ्चायती व्यवस्था नै समाप्त भयो।

पञ्चायती व्यवस्था २०१७ सालयता सुरू भएको थियो। पञ्चायती सामन्तवादले नेपाली जनतालाई वाक् र प्रेस स्वतन्त्रता, सङ्गठन गर्ने र हिँड्डुल गर्ने स्वतन्त्रतालगायत मौलिक अधिकार दिएको थिएन। यसको ठीक १० वर्षअघि नेपालमा राणा शासन समाप्त भई प्रजातन्त्र स्थापना भएको थियो। त्यही बेला सामन्तवादबाट मुक्त भएका संसारका कतिपय देशको शैक्षिक सामाजिक, आर्थिक, सांस्कृतिक विकास अघि बढिरहेको थियो। यो यथार्थ बुझेका नेपाली जनतामा पञ्चायती सामन्तवादको विरोध हुनु स्वाभाविक थियो।

पञ्चायती सामन्तवादको विरोधमा लागेका अन्य पार्टीका कतिपय नेताहरू कुर्सी पाउनासाथ आफ्ना अडान छाडेर पञ्चायती सामन्तवादको सेवामा लागे। तर, नेपाल मजदुर किसान पार्टीका नेता र कार्यकर्ताहरू पञ्चायती व्यवस्थाको निर्वाचन उपयोग गरेर देश र जनताको नि:स्वार्थ सेवामा लाग्नु यो। यो सेवा पञ्चायती सरकारलाई मन परेको थिएन र नेपाल मजदुर किसान पार्टीका नेता र कार्यकर्ताविरूद्धको षड्यन्त्रमा लागे।

पार्टीभित्र घुसेका प्रतिक्रियावादीहरूले पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छैँ (रोहित) लाई भारत प्रवासको बेला २०३५ सालमा पनि गोरखपुरमा गोली हानी हत्या गर्न खोजेका थिए। यो हत्या प्रयासमा संलग्न भएकाहरूले दुई ओटा पिस्तोल बन्दोबस्त गरेको हाल खुलिसकेको छ।

पुँजीपतिवर्गले संसारमा पहिलो पटक बेलायती राजतन्त्रविरूद्ध सशस्त्र सङ्घर्ष गरेको थियो। फ्रान्सका पुँजीपतिवर्गले पनि त्यहाँको राजतन्त्रलाई फालेको थियो। नेपाली जनताले पनि पञ्चायती सामन्तवादको विरोध गर्नु स्वाभाविक थियो। यसको अर्थ पञ्चायती सामन्तवादपछिका सरकारहरूले नेपाल र नेपाली जनताको नि:स्वार्थ सेवा गरे भन्ने अवस्था छैन। यसकारण, नेपाली जनताबाट ती सरकारहरूको विरोध भयो। बहुदल पुन:स्थापनायता ३५ वर्षका सरकारहरूले सार्वजनिक संस्थान सस्तोमा केही व्यक्तिलाई बिक्री गरे। युवालाई वैदेशिक रोजगारीमा पठाएर नेपाली अर्थतन्त्र कमजोर पारे। विदेशी ऋण र लगानी ल्याएर नेपाललाई नवउपनिवेश बनाउने लगायत देशघाती काम गरे। यसको नेपाली जनताले विरोध गर्दै छन्। यसको अर्थ नेपाली जनताले कसैलाई देश जलाउने अनुमति दिएका होइनन्।

नेपाली युवालाई 'भाडाको सिपाही' बनाउने सन् १९४७ को गोर्खा भर्ती, नेपाललाई भारतको प्रदेशजस्तै बनाउने सन् १९५० को नेपाल-भारत सन्धि खारेज गर्नुपर्ने आवाज उठाएका नेपाली जनतालाई पञ्चायत र बहुदलका सरकारहरूले दमन गरे। अहिले पनि नेपालका शासकहरूले अमेरिकी नीति र कानुन पालना गर्नुपर्ने एमसीसी सम्झौता पास गरे भने नेपाली सेनाको ब्यारेकमा अमेरिकी सेनालाई परेड खेलाउने एसपीपी सम्झौता पारित गर्ने तयारी गर्दै छ। के यी देशघाती सम्झौताहरूको पक्षधरहरूले भदौ २३ र २४ गते नेपाली जनताविरूद्ध देशभरि आगजनी गरेका हुन्। यो विषयमा नेपाली जनता सचेत हुनु जरूरी छ।

# अमेरिकामा पुन: उठ्न लागेको हो कम्युनिस्टविरोधी लहर ?

✍ थियोडोर ई जोर्न

"साम्यवाद अब सुदूर भविष्यको खतरा रहेन। यो हाम्रै सम्मुखमा आइसकेको छ", अमेरिकी कङ्ग्रेस (संसद्)को तल्लो सदन हाउस अफ रिप्रिजेन्टेटिभ (प्रतिनिधिसभा) का सभामुख माइक जोनसनले हालै सामाजिक सञ्जालमा चेतावनीपूर्ण भाषामा भने। रिपब्लिकन पार्टीमा लामो राजनीतिक गरेको जोनसन यस्तो भाषा प्रयोग गर्ने एक्ला दक्षिणपन्थी नेता होइनन्।

नोभेम्बरमा अमेरिकामा संसदीय निर्वाचन हुँदै छ। राष्ट्रपतिको कार्यकालको मध्यकालमा हुने चुनाव भएकोले मध्यावधि चुनाव भनिने यस निर्वाचनका लागि दुवै दल धमाधम उम्मेदवार छान्दै छन्। यसअन्तर्गत डेमोक्रेटिक पार्टीका आकाङ्क्षीबिच भएका अन्तरपार्टी 'प्राइमरी' निर्वाचनमा 'डेमोक्रेटिक सोसलिस्ट अफ अमेरिका' (डीएसए) अभियानसँग जोडिएका कैयौँ हस्ती विजयी भए। त्यसपछि स्वयं राष्ट्रपति डोनाल्ड ट्रम्पले नै पटक-पटक 'कम्युनिजम'को खतराबारे उल्लेख गर्न थालेका छन्। गत जून महिनामा प्राइमरी चुनावको सेरोफेरोमा ट्रम्पले दुई हप्ताभित्रै झन्डै ८१ पटक कम्युनिजम शब्द उल्लेख गरेका थिए।

ट्रम्प अहिले त डेमोक्रेटिक पार्टीका प्राय: सबैलाई 'उग्रवादी, भगवान् नमान्ने कम्युनिस्ट' भन्न थालेका छन्। साथै, उनी कम्युनिजमलाई काटेर फाल्नुपर्ने 'क्यान्सर' भन्छन्। लगभग त्यही समयमा, अमेरिकी विदेश मन्त्रालयले १०० पृष्ठ लामो एक प्रतिवेदन प्रकाशित गर्‍यो, जसमा अमेरिकी पत्रकार, ट्रेड युनियनकर्मी र अन्य विभिन्न अभियन्तालाई क्युवाली-कम्युनिस्टको प्रभावमा रहेको सञ्जालसँग जोडिएको देखाइएको छ।




गत जुलाई १६ मा अमेरिकी विदेश मन्त्रालयले ६५ देशका मन्त्रीस्तरीय प्रतिनिधि बोलाएर 'मिनिस्टिअरिअल अन द रिसर्जेन्स अफ पोलिटिकल टेरोरिजम' सम्बन्धी बैठक आयोजना गर्‍यो। राजनीति आतङ्कवादको पुनरोदय विषयको बैठकमा ट्रम्पका सहयोगीले वामपन्थी समूहबाट भइरहेको राजनीतिक हिंसाबारे जोड दिए। जबकि, तथ्याङ्कअनुसार हाल विश्वमा दक्षिणपन्थी समूहबाट बढी हिंसा भइरहेको देखिन्छ। बैठकमा हिंसात्मक 'मार्क्सवादी क्रान्तिकारी' र सोभियतकालीन श्रम शिविर 'गुलाग'को कुरा उठाइयो। ट्रम्पको रिपब्लिकन पार्टी र पार्टीनजिकका मिडियाले साम्यवादको खतराबारे उल्लेख गर्न थालेका छन्।

तर, ट्रम्प र उनका समर्थकले ढोल पिटेझैँ के साँच्चै अमेरिका कम्युनिस्ट क्रान्तिको सङ्घारमा छ त ? वास्तविकता हेर्दा रिपब्लिकनहरूको भनाइमा कुनै सत्यता भेटिँदैन। तर, तिनलाई यथार्थसँग कुनै लिनुदिनु छैन। उनीहरू त प्रजातान्त्रिक समाजवादी विचारका समर्थक बताउने डेमोक्रेटको जितलाई देखाउँदै सबै डेमोक्रेट्सलाई कम्युनिस्टको बिल्ला भिराउनमा लागेका छन्।

## एक शब्द, चार आयाम

अमेरिकी राजनीतिमा कम्युनिस्ट शब्द आफैँमा एक गम्भीर राजनीतिक आरोप वा अपमानजनक बिल्लासहर रहँदै आएको छ। यो शब्द प्राय: जानाजान आफ्ना प्रतिद्वन्द्वीलाई चिढ्याउनका लागि प्रयोग गरिन्छ। खासमा यसको कारण हो, यस शब्दले बोकेका बहुल अर्थ। अर्थात्, यस शब्दले एकैपटक कैयौँ विचार, भावना र आयामलाई प्रतिनिधित्व गर्छ। मुख्यत: 'कम्युनिस्ट' शब्दका चार आयाम छन् :

**आर्थिक** : यसअन्तर्गत अर्थतन्त्र निजी स्वामित्व, सार्वजनिक स्वामित्व वा सरकारी नियमन कुन ठीक भन्ने पक्षमा केन्द्रित हुन्छ।

**राजनीतिक** : शासन कसले गर्ने, निर्णय कसरी गरिन्छ र शासकलाई हटाउन सकिन्छ कि सकिँदैन भन्ने विषय यसको राजनीतिक आयाम हो।

**धार्मिक** : के राजनीतिक दर्शनमा धार्मिक विश्वास, नास्तिकता वा दुईमध्ये कुनै पनि जोड्नु आवश्यक हुन्छ ? यो कम्युनिजम शब्दसँग जोडिएर आउने धार्मिक पक्ष हो।

चौथो आयाममा राजनीतिक परिवर्तनका लागि प्रयोग गरिने माध्यम पर्छन्, जसमा चुनाव, विचार-विमर्श र बल प्रयोग, हिंसा र क्रान्ति भर्सेस शान्तिपूर्ण विरोधजस्ता विषय पर्छन्।

बीसौँ शताब्दीका जति पनि कम्युनिस्ट शासन देखियो, तिनमा प्राय: अर्थतन्त्र पूर्णत: राज्यको नियन्त्रणमा रह्यो। राजनीतिक रूपमा त्यहाँ कठोर एकदलीय तानाशाही थियो भने राज्यको धर्म नास्तिकता घोषित गरिएकोले धार्मिक अभ्यासलाई नियमन गरिए। अझ धेरै शासन हिंसात्मक क्रान्तिमार्फत सत्तामा आएको इतिहासलाई दक्षिणपन्थी रिपब्लिकन पार्टीले उपयोग गर्न खोजेजस्तो छ। उसले 'लोकतान्त्रिक समाजवाद' र कम्युनिजमबिचका केही समानतालाई समाएर उनीहरू सबै एउटै हुन् भन्ने आरोपलाई जोडतोडसाथ प्रचार गरिरहेको छ।

खासमा लोकतान्त्रिक समाजवादी विचार राख्नेहरूले सार्वजनिक स्वामित्व र बजार नियमनको वकालत गर्छन्। यसैलाई समाएर यस्तो विचार राख्ने (र, तिनको आरोपअनुसार सबै डेमोक्रेटहरू) एकदलीय तानाशाही, ईश्वरहीनता र हिंसात्मक क्रान्तिको पनि पक्षपोषण गर्छन् भनेर आम मतदाता त्रसित बनाउन खोजिँदै छ। यो एक चलाखीपूर्ण रणनीति हो।

## अमेरिकाबाहिर फरक रूपमा हेरिन्छ समाजवाद

'डेमोक्रेटिक सोसलिस्ट अफ अमेरिका' (डीएसएस) का कतिपय 'उग्र' भनिएका विचार अहिले नै न्युजिल्यान्ड, अस्ट्रेलियालगायत कैयौँ युरोपमा भने आमस्वीकार्य छ। सस्तो स्वास्थ्य सेवामाथि सम्पूर्ण जनताको पहुँच हुनुपर्ने, सम्मानजनक न्यूनतम ज्यालादर तोक्नुपर्ने, शिक्षामाथि सरकारको स्वामित्व हुनुपर्ने र सेवानिवृत्तलाई सरकारले सेवा वितरण गर्नुपर्ने डीएसएका माग उल्लिखित देशमा अहिले नै कार्यान्वयनमा छन्। अर्थात्, ती माग रिपब्लिकनले भनेजस्तो कुनै सर्वहारा तानाशाही लाद्ने तयारी होइन।

खासमा यी देशमा यी सेवालाई मिश्रित अर्थतन्त्रका सामान्य विशेषता मानिन्छ। लोकतान्त्रिक समाजवादीले आदर्श मान्ने उत्तर युरोपमा अवस्थित नर्डिक देशहरू (नर्वे, स्विडेन, डेनमार्क, फिनल्यान्ड र आइसल्यान्ड) ले दशकौँदेखि व्यापक सार्वजनिक सेवा, अपेक्षाकृत उच्च कर र बलियो ट्रेड युनियनसँगसँगै निजी उद्यम र प्रतिस्पर्धी लोकतन्त्रको अभ्यास गरिरहेका छन्।

पछिल्लो समय अमेरिकाका सबैभन्दा कहलिएका लोकतान्त्रिक समाजवादी नेता न्युयोर्कका मेयर जोहरान ममदानीले पनि हालसालै साना व्यवसायको सहजताका लागि भन्दै ५० भन्दा बढी सरकारी अवरोध हटाउने वा सुधार्ने घोषणा गरे। हो, समाजवादीले निजी उद्यमलाई पूरै बन्द गराउँदैनन्, कहिलेकाहीँ उनीहरू तिनलाई सफल बनाउन मद्दतसमेत गर्छन्।

बरू आफूलाई समाजवादको उल्टो व्यवस्था अर्थात् स्वतन्त्र बजारको हिमायती बताउने ट्रम्प प्रशासनले ३० भन्दा बढी निजी कम्पनीको स्वामित्वमा हिस्सेदारी लिएको आफैँले घोषणा गरेको छ। ट्रम्पले आफ्नो पारिवारिक व्यवसायमा ठूलो चन्दा दिन कैयौँ व्यापारिक निगमलाई दबाब दिएको समाचार आइरहेका छन्। खासमा राज्य संयन्त्रलाई व्यापारीमाथि प्रयोग गरिरहेका ट्रम्प कम्युनिस्ट हुन् त ? निश्चित रूपमा ममदानी र ट्रम्पमध्ये दुवै कम्युनिस्ट होइनन्। दुवैजना बजार अर्थतन्त्रमा सरकारी हस्तक्षेपको पक्षमा छन्। उनीहरूको उद्देश्य र हस्तक्षेपको प्रकृति मात्र फरक छ।

त्यसबाहेक डीएसएले समर्थन गरेका सबै उम्मेदवार (वा अधिकांश डेमोक्रेट) ले पनि सो अभियानका सबै मुद्दालाई समर्थन गर्छ भन्नु पनि अतिशयोक्ति हुन्छ। यो त केहीअघि दसजना रिपब्लिकन प्रतिनिधिले सिनेटर जनताबाट प्रत्यक्ष निर्वाचित हुनुभन्दा देशका पचास राज्यका व्यवस्थापिकाबाट चुनिनुपर्छ भन्ने प्रस्ताव गरेकै आधारमा बाँकी सबै रिपब्लिकन पनि त्यसलाई समर्थन गर्छन् भन्नुजस्तै हो।

## विगतको कम्युनिस्टविरोधी लहर फर्कने डर

अमेरिका पहिले पनि यस्तो लहर देखिएको थियो। पहिलो कम्युनिस्टविरोधी लहर सन् १९१७ मा रुसी बोल्सेभिक क्रान्तिपछि आएको थियो। सन् १९१९ र १९२० मा चलेको 'पामर रेड्स' (अधिवक्ता ए. मिचेल पामरको नाममा राखिएको) क्रममा हजारौँ मानिस र विशेषत: आप्रवासीलाई कम्युनिस्ट भएको आशङ्काकै भरमा पक्राउ गरिएको थियो। पक्राउ परेकामध्ये धेरैलाई वारेन्टबिना नै हिरासतमा राखिएको थियो।

त्यसपछि फेरि सन् १९५० को दशकमा दोस्रो कम्युनिस्टविरोधी लहर आयो। यसपटक यस अभियानको नेतृत्व गरेका थिए, सिनेटर जोसेफ म्याकार्थीले। उनले कम्युनिस्टको आरोप लगाएका धेरैको करियर नष्ट भयो। खासमा त्यस दशकमा कसैलाई कम्युनिस्ट आरोप लगाइदिए नै पुग्थ्यो, कुनै प्रमाण दिइरहनु पर्दैनथ्यो। शीतयुद्धको समयमा सोभियत सङ्घसँगको प्रतिस्पर्धाका कारण अमेरिकामा कम्युनिजम शब्द राजनीतिक र आर्थिक प्रणाली मात्र नभई क्रान्ति, नास्तिकता, तानाशाही, विद्रोह र देशद्रोहसँग जोडिन्थ्यो। कोही राजनीतिक विरोधीलाई सिध्याउनुपरे यो कम्युनिस्ट हो वा सोभियत सङ्घका लागि काम गर्छ भने पुग्ने अवस्था थियो।

खासमा अहिले पुन: कम्युनिस्टविरोधी पुरानो लहर पुनर्जीवित गर्न खोजिँदै त छैन भन्ने चिन्ता बढेको छ। तर, यसका पछाडि कुनै ठोस आधारभन्दा सायद राजनीतिक छटपटीले काम गरेको हुन सक्छ। इरान युद्ध, उच्च महँगी र एपस्टिइन फाइलसम्बन्धी विवादपछि मत सर्वेक्षणमा ट्रम्पको अनुमोदन दर धेरै खस्केको छ। यस्तो अवस्थामा मध्यावधि चुनाव नजिकिँदै गर्दा रिपब्लिकनहरू बलियो रणनीतिको खोजीमा छन्। दिनदैनिकीका मुद्दामा प्रतिद्वन्द्वीसँग प्रतिस्पर्धा गर्न सकिँदैन भन्ने लागेर होला तिनले विरोधीलाई 'कम्युनिजम' विचार राख्ने भनेर पन्छाइदिने रणनीति परीक्षण गरिरहेको हुन सक्छ। यसलाई तिनले सबैभन्दा राम्रो हतियार मानेजस्तो देखिन्छ।

तर, 'भगवान् नमान्ने कम्युनिस्टहरू'ले सत्ता कब्जा गर्न तयार भन्दै सत्ता जोगाउने यो दाउपेच हानिरहित छैन। जनताको जीवनस्तरसँग जोडिएका विषय उठाइरहेका विपक्षीलाई अतिवादी विचारसँग जोडेर खतरनाक बाहिरी तत्त्व देखाउने अभ्यासले तर्कसङ्गत बहस नै निस्तेज बताउँछ। खासमा कम्युनिजम मतले अमेरिकालाई कब्जा गरिरहेको छैन, बरू यस्तो डर देखाएर अमेरिकामा अर्को कम्युनिस्टविरोधी लहर ल्याउने प्रयास हुँदै छ।

*(लेखक न्युजिल्यान्डस्थित मासे विश्वविद्यालयमा संस्थागत सञ्चार विषयका प्राध्यापक हुन्। यो आलेख द कन्भर्सेसनबाट श्रवण उप्रेतीले अनुवाद गरेका हुन्।)*

# ७० वर्षदेखि विश्वभर सत्ता फेर्ने अमेरिकी भोक आखिर वासिङटनले विगतबाट के सिक्यो ?

✍ उसैद सिद्दिकी

संयुक्त राज्य अमेरिकाले इरानका निर्वाचित प्रधानमन्त्री मोहम्मद मोसाद्देघलाई सन् १९५३ मा सत्ताबाट हटाउन सहयोग गरेको सात दशकभन्दा बढी समयपछि अमेरिका र इरान फेरि आमनेसामने भएका छन् ।

वासिङटन र तेहरानबिच जारी युद्ध सन् २०२६ फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानका विभिन्न क्षेत्रमा हवाई आक्रमण गरेपछि सुरु भएको हो । अमेरिका र इजरायलले इरान आणविक हतियार निर्माणको अन्तिम चरणमा पुग्न लागेको दाबी गर्दै आक्रमण गरेका थिए ।

यस युद्धका क्रममा इरानले खाडी क्षेत्रका विभिन्न देशमा प्रत्याक्रमण गरिरहेको छ । इजरायलले इरानसमर्थित हिजबुल्लाहका अखडाहरूलाई लक्षित गरेको भन्दै लेबनानमा पनि सैन्य कारबाही चलाइरहेको छ । यता यमनमा इरानसमर्थित हुथी विद्रोहीहरूले लाल सागरमा साउदी अरबसँग सम्बन्धित पानीजहाजलाई निशाना बनाएका थिए ।

यस द्वन्द्वले विश्वको ऊर्जा बजारमा समेत गम्भीर असर पारेको छ । महत्त्वपूर्ण जलमार्ग 'स्ट्रेट अफ होर्मुज' बन्द भएपछि तेल तथा ऊर्जा आपूर्तिको चिन्ता बढेको छ । यसैबिच युद्ध अन्त्य गर्ने दिशामा भइरहेका कूटनीतिक प्रयासहरू पनि रोकिएका छन् ।

इरानमाथिको पछिल्लो अमेरिका–इजरायल युद्ध, वासिङटन र तेहरानबिच लामो समयदेखि चलिआएको तनावपूर्ण सम्बन्धकै अर्को अध्याय हो । यी दुई देशबिचको सम्बन्ध विगतमा सत्ता परिवर्तनका प्रयास, गोप्य सैन्य तथा राजनीतिक अभियान, आर्थिक प्रतिबन्ध, सैन्य भिडन्त र असफल कूटनीतिक प्रयासबाट प्रभावित हुँदै आएको छ ।

सन् १९७९ मा रुहोल्लाह खोमेनीको नेतृत्वमा भएको इस्लामिक क्रान्तिले अमेरिका समर्थित शाह मोहम्मद रेजा पहलवीलाई सत्ताच्युत गरेपछि वासिङटनले तेहरानको सरकारलाई कमजोर बनाउने प्रयास पटक–पटक गर्दै आएको छ ।

तर, इरान यसको एकमात्र उदाहरण होइन । ग्वाटेमाला र क्युवादेखि चिली र भेनेजुयलासम्म अमेरिकाले आफ्नो हितविपरीत रहेको ठानेका सरकारविरुद्ध विभिन्न समयमा हस्तक्षेप गर्दै आएको छ ।

आखिर ती प्रयासबाट के हासिल भयो ? अहिले वासिङटनले त्यसबाट के पाठ सिक्न सक्छ ?

**सन् १९५३ मा शाहलाई सत्तामा फर्काउन अमेरिकी भूमिका**

सन् १९५३ मा अमेरिकी केन्द्रीय गुप्तचर निकाय (सीआईए) ले बेलायतसँग मिलेर इरानका लोकतान्त्रिक रूपमा निर्वाचित प्रधानमन्त्री मोहम्मद मोसाद्देघलाई सत्ताबाट हटाउन सहयोग गरेको थियो ।

मोसाद्देघ सन् १९५१ देखि निर्वाचित प्रधानमन्त्री थिए । उनले एङ्ग्लो–इरानियन आयल कम्पनीलाई राष्ट्रियकरण गरेपछि बेलायत र अमेरिकालगायत पश्चिमी शक्तिहरू असन्तुष्ट बनेका थिए । उनीहरूको दृष्टिमा तेल उद्योगको राष्ट्रियकरण पश्चिमी आर्थिक तथा रणनीतिक हितविरुद्ध थियो । कूपछि शाह पहलवी पुनः सत्तामा फर्किए ।

इरानका अन्तिम शाह पहलवीले दोस्रो विश्वयुद्धका बेला सन् १९४१ मा पहिलोपटक देशको नेतृत्व सम्हालेका थिए । त्यसअघि उनका पिता रेजा शाहलाई बेलायती र सोभियत सेनाले इरानमा आक्रमण गरेपछि राजगद्दी त्याग्न बाध्य पारिएको थियो ।

त्यतिबेला रेजा शाहको नाजी जर्मनीसँगको सम्बन्धलाई लिएर बेलायत र सोभियत सङ्घ चिन्तित थिए । जर्मनी इरानको प्रमुख व्यापारिक साझेदार थियो । साथै, मित्रराष्ट्रहरू आफ्नै युद्ध प्रयासलाई बलियो बनाउन इरानको भूमि र रेलमार्ग प्रयोग गर्न चाहन्थे ।

सन् १९५३ मा मोसाद्देघविरुद्धको कूपछि पहलवीको नेतृत्वमा रहेको इरान र अमेरिका करिब २५ वर्षसम्म घनिष्ठ मित्र बने । अमेरिकाले शाहलाई बलियो समर्थन गर्‍यो । उसले इरानको नागरिक आणविक कार्यक्रम विकास गर्नसमेत सहयोग गर्‍यो । सन् १९५७ मा अमेरिकी राष्ट्रपति ड्वाइट आइजनहावरको 'शान्तिका लागि परमाणु' (एटोम्स फर पिस) कार्यक्रमअन्तर्गत दुई देशले आणविक सहयोग सम्झौता गरे । त्यसको एक दशकपछि अमेरिकाले इरानलाई आणविक रिएक्टर र युरेनियमसमेत उपलब्ध गरायो ।

**अमेरिकी समर्थनको सत्ता परिवर्तन कसरी प्रत्युत्पादक बन्यो ?**

समय बित्दै जाँदा शाहको शासन झन् निरङ्कुश बन्दै गयो । त्यसले देशभित्र उनको विरोध पनि बढाउँदै लग्यो । सन् १९७९ मा व्यापक जनप्रदर्शनपछि शाह सत्ताबाट हट्न बाध्य भए । त्यसपछि निर्वासनमा रहेका रुहोल्लाह खोमेनी इरान फर्किए र इस्लामिक गणतन्त्र स्थापना गरे ।

यससँगै अमेरिका र इरानको सम्बन्ध पूर्ण रूपमा बिग्रियो । कुनै समय अमेरिकाको घनिष्ठ सहयोगी रहेको इरान उसको प्रमुख प्रतिद्वन्द्वीमध्ये एक बन्यो ।

सन् १९७९ नोभेम्बर ४ मा इरानी विद्यार्थीहरूले तेहरानस्थित अमेरिकी दूतावास कब्जा गरी ५२ जना अमेरिकी नागरिकलाई बन्धक बनाए । उनीहरूलाई ४४४ दिनसम्म बन्धक बनाइएको थियो । त्यसपछि अमेरिकाले इरानसँग कूटनीतिक सम्बन्ध तोड्यो र तेहरानमाथि प्रतिबन्ध लगायो ।

सन् १९८० को दशकमा भएको इरान–इराक युद्धमा अमेरिकाले इराकलाई समर्थन गर्‍यो । यस अवधिमा इरान र अमेरिकी सेनाबिच प्रत्यक्ष सैन्य भिडन्तसमेत भयो ।

त्यसपछिको दशकमा अमेरिकाले इरानमाथि थप प्रतिबन्ध लगाउँदै गयो । इरानको आणविक गतिविधि तथा गाजामा हमास र लेबनानमा हिजबुल्लाहजस्ता सशस्त्र समूहलाई समर्थन गरेको भन्दै अमेरिकाले प्रतिबन्ध थप कडा बनाएको थियो ।

सेप्टेम्बर ११, २००१ को आतङ्कवादी हमलापछि अमेरिकी राष्ट्रपति जर्ज डब्ल्यू बुसले इरानलाई 'एक्सिस अफ इभिल' (दुष्टताको धुरी) को हिस्सा घोषणा गरे । यद्यपि, यसअघि अमेरिका र इरानले तालिबान तथा अल–कायदाविरुद्ध केही विषयमा सहकार्य गरेका थिए ।

**कूटनीतिक प्रयास र सन् २०१५ को आणविक सम्झौता**

लामो समयको तनावपछि अमेरिकी राष्ट्रपति बाराक ओबामाको कार्यकालमा दुई देशबिच कूटनीतिक संवादको नयाँ सम्भावना देखियो । सन् २०१५ मा इरान र अमेरिका तथा बेलायत, फ्रान्स, चीनलगायत विश्वका प्रमुख शक्तिबिच 'संयुक्त व्यापक कार्ययोजना' (जेसीपीओए) नामक आणविक सम्झौता भयो ।

सम्झौताअनुसार इरानले आफ्नो आणविक गतिविधिमा निश्चित सीमा स्वीकार गर्‍यो । त्यसको बदलामा इरानमाथिका केही आर्थिक प्रतिबन्ध हटाउने व्यवस्था गरिएको थियो ।

तर, यो सम्झौता लामो समय टिकेन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो पहिलो कार्यकालमा सन् २०१८ मा अमेरिकालाई सम्झौताबाट अलग्ग गरे र इरानमाथि पुनः प्रतिबन्ध लगाए ।

त्यसको एक वर्षपछि इरानले सम्झौतामा तय गरिएको सीमाभन्दा बढी युरेनियम प्रशोधन गर्न थाल्यो । अन्ततः इरानसँग करिब ४४० किलोग्राम उच्च प्रशोधित युरेनियम जम्मा भएको अनुमान गरिएको थियो ।

सन् २०२५ मा दोस्रोपटक राष्ट्रपति बनेपछि ट्रम्पले इरानसँग नयाँ आणविक वार्ताको प्रस्ताव गरे । ओमानको मध्यस्थतामा वार्ता पनि सुरु भयो । तर, इजरायलले इरानमाथि आक्रमण गरेपछि ती वार्ता भत्किए र १२ दिने युद्ध सुरु भयो । त्यसपछि अमेरिका पनि युद्धमा सामेल भयो र इरानका तीन आणविक केन्द्रमा आक्रमण गर्‍यो ।

**इरानमा पुनः सत्ता परिवर्तनको प्रयास**

सन् २०२६ फेब्रुअरी २८ मा अमेरिका र इजरायलले फेरि इरानमाथि आक्रमण सुरु गरे । यसपटक पनि आणविक वार्ताकै बिचमा आक्रमण भएको थियो ।

अमेरिकी राष्ट्रपति ट्रम्पले युद्धको एउटा प्रमुख उद्देश्य तेहरानमा सत्ता परिवर्तन भएको बताएका थिए । उनले यसलाई इरानी जनताको 'स्वतन्त्रता' सँग जोडेर प्रस्तुत गरेका थिए ।

युद्ध सुरु भएको दिन ट्रम्पले इरानी जनतालाई आफ्नो सरकार आफैँ सम्हाल्न आह्वान गर्दै सत्ता उनीहरूकै हुने बताएका थिए । तर, त्यो प्रयास सफल भएन ।

सर्वोच्च नेता आयतोल्लाह अली खामेनीसहित केही वरिष्ठ नेताहरू प्रारम्भिक आक्रमणमा मारिए पनि उनीहरूको स्थान तत्काल अन्य धार्मिक नेताहरूले लिए । अलीका छोरा मोज्तबा खामेनी नयाँ सर्वोच्च नेता बने । तेहरानको सरकार पनि यथावत् रह्यो ।

धेरै पर्यवेक्षकका अनुसार, अमेरिकी–इजरायली आक्रमणपछि इरानको सरकार कमजोर हुनुको सट्टा देशभित्र आफ्नो नियन्त्रण अझ बलियो बनाउन सफल भएको छ ।

**युद्धको मानवीय क्षति**

अमेरिका र इजरायलका आक्रमणका कारण इरानमा हजारौँ मानिस मारिएका छन् । त्यसको जवाफमा इरानले विभिन्न देशमा रहेका अमेरिकी इजरायली सैनिक शिविरमा गरेको प्रत्याक्रमणमा पनि ठूलो सङ्ख्यामा अमेरिकी र इजरायली सेना मारिएका छन् ।

युद्ध सुरु भएको केही समयपछि इरानसमर्थित लेबनानी सशस्त्र समूह हिजबुल्लाहले इजरायलको उत्तरी क्षेत्रमा रकेट प्रहार गर्न थाल्यो । इरानका सर्वोच्च नेता मारिएको घटनाको बदलास्वरूप हिजबुल्लाहले आक्रमण गरेको बताइएको थियो ।

त्यसपछि इजरायलले लगभग दैनिक रूपमा हवाई आक्रमण गर्न थाल्यो र लेबनानको करिब पाँच भागको एक भागमा आफ्नो नियन्त्रण कायम गरेको छ । हजारौँ मानिस मारिएका छन् भने १० लाखभन्दा बढी मानिस घर छाडेर विस्थापित भएका छन् ।

इजरायलले आफ्नो भूभाग र हिजबुल्लाह लडाकुबिच ठूलो 'बफर जोन' (मध्यवर्ती क्षेत्र) निर्माण गर्ने उद्देश्यले सैन्य अभियान अघि बढाएको बताएको छ ।

**ट्रम्पको बदलिएको भाष्य**

तर, युद्धपछि ट्रम्पले आफूले इरानमा सत्ता परिवर्तन गराउने प्रयास कहिल्यै नगरेको बताए । जून महिनामा उनले आफूलाई सत्ता परिवर्तनमा कहिल्यै चासो नभएको दाबी गर्दै भनेका थिए, "मैले वर्षौँदेखि सत्ता परिवर्तनका प्रयास हेर्दै आएको छु; तिनले कहिल्यै काम गर्दैनन् ।"

इरानको पछिल्लो घटनाक्रमले पनि यही प्रश्न उठाएको छ : के बाह्य सैन्य हस्तक्षेप र सत्ता परिवर्तनका प्रयासले दीर्घकालीन रूपमा अमेरिकाले चाहेको राजनीतिक परिणाम हासिल गर्न सक्छन् ?

इरानको इतिहासमा सन् १९५३ को कू, शाहको पुनर्स्थापना, सन् १९७९ को इस्लामिक क्रान्ति र त्यसपछिका दशकौँ लामो द्वन्द्वले एउटा जटिल वास्तविकता देखाउँछ– बाह्य शक्तिले कुनै सरकारलाई हटाउन वा कमजोर बनाउन सक्छ, तर त्यसको स्थानमा आफूले चाहेको स्थायी राजनीतिक व्यवस्था निर्माण गर्न त्यति सजिलो हुँदैन ।

अमेरिकाका विगतका हस्तक्षेपहरूलाई हेर्दा अर्को महत्त्वपूर्ण प्रश्न पनि उठ्छ : कुनै देशको सरकार परिवर्तन गर्नु र त्यस देशमा आफूले चाहेको स्थायी राजनीतिक व्यवस्था स्थापित गर्नु एउटै कुरा होइन । एउटा सरकारलाई कमजोर बनाउन सैन्य शक्ति, आर्थिक प्रतिबन्ध वा गोप्य अभियान प्रभावकारी हुन सक्छन् । तर, त्यसपछि उत्पन्न हुने राजनीतिक शून्यता कसले र कसरी भर्छ भन्ने प्रश्न अझ जटिल हुन्छ ।

इरानको सन् १९५३ देखि २०२६ सम्मको इतिहासले यही जटिलता देखाउँछ । अमेरिकाले आफूअनुकूल शासन स्थापना गर्न खोजेको थियो, तर त्यसको परिणाम अन्ततः उसकै सबैभन्दा शक्तिशाली क्षेत्रीय प्रतिद्वन्द्वीमध्ये एकको उदयमा परिणत भयो । त्यसैले अहिलेको युद्धले पनि एउटा पुरानो प्रश्नलाई फेरि सतहमा ल्याएको छ । त्यो हो– सत्ता परिवर्तनले साँच्चिकै स्थायी समाधान दिन्छ कि त्यसले नयाँ र अझ गहिरो द्वन्द्वको बीउ रोप्छ ?

**पश्चिम एसिया र अफगानिस्तानमा अमेरिकी सत्ता परिवर्तनका प्रयास**

पश्चिम एसियाका अन्य देशमा पनि अमेरिकी हस्तक्षेपले ठूलो मानवीय तथा आर्थिक मूल्य निम्त्याएको छ । सन् २००३ मा वासिङटन र उसका सहयोगीहरूले इराकमा आक्रमण गरे । उनीहरूको उद्देश्य तत्कालीन राष्ट्रपति सद्दाम हुसेनलाई सत्ताबाट हटाउनु थियो । अमेरिकाले हुसेनसँग सामूहिक विनाशका हतियार (डब्लूएमडी) रहेको दाबी गरेको थियो । अन्ततः हुसेन सत्ताबाट हटाइए पनि पछि गरिएको खोजीमा त्यस्ता हतियारको कुनै भण्डार भेटिएन ।

मानवताविरुद्धका अपराधमा दोषी ठहरिएपछि हुसेनलाई बग्दादमा झुन्ड्याएर मृत्युदण्ड दिइयो । तर, यो लक्ष्य हासिल गर्ने क्रममा ठूलो मानवीय क्षति भयो । ब्राउन विश्वविद्यालयको 'वाट्सन इन्स्टिच्युट अफ इन्टरनेसनल एन्ड पब्लिक अफेयर्स' का अनुसार, इराकमा अमेरिकी युद्धका क्रममा करिब ३ लाख १५ हजार मानिस प्रत्यक्ष रूपमा मारिए ।

सन् २००१ पछि अमेरिकाको नेतृत्वमा अफगानिस्तान, पाकिस्तान, इराक, सिरिया र यमनलगायत द्वन्द्वग्रस्त क्षेत्रमा भएका युद्ध तथा सैन्य कारबाहीमा करिब ९ लाख ४० हजार मानिस प्रत्यक्ष रूपमा मारिएको सो इन्स्टिच्युटको अनुमान छ । युद्धका कारण रोग, भोकमरी र स्वास्थ्य सेवाको अभावबाट अप्रत्यक्ष रूपमा भएका मृत्युसमेत जोड्दा कुल मृतकको सङ्ख्या ४५ लाखदेखि ४७ लाखसम्म पुग्ने जनाइएको छ ।

पश्चिम एसियामा अमेरिकी हस्तक्षेपको आर्थिक लागत पनि अत्यन्त ठूलो छ । अमेरिकाले दुई दशकभन्दा बढी समयसम्म चलेका युद्धमा करिब ५.८ ट्रिलियन डलर खर्च गरेको अनुमान छ । यसबाहेक आगामी ३० वर्षमा युद्धमा सहभागी अमेरिकी सैनिक तथा पूर्वसैनिकको हेरचाहका लागि थप २.२ ट्रिलियन डलर खर्च हुने अनुमान गरिएको छ ।

**अफगानिस्तान : तालिबानलाई हटाएर पुनः सत्ता सुम्पिएको परिणाम**

सन् २००१ मा अमेरिका र उसका सहयोगी सेना अफगानिस्तानमा तालिबानलाई सत्ताबाट हटाउन सफल भएका थिए । त्यसपछि नागरिक सरकारलाई समर्थन गर्दै अमेरिकी सेना करिब २० वर्षसम्म अफगानिस्तानमा रह्यो ।

तर, सन् २०२१ मा अमेरिकी सेना अफगानिस्तानबाट फिर्ता हुनेबित्तिकै तालिबानले तीव्र गतिमा अघि बढ्दै फेरि देशको सत्ता कब्जा गर्‍यो । अर्थात्, दुई दशक लामो अमेरिकी सैन्य उपस्थितिले तालिबानलाई स्थायी रूपमा सत्ताबाट विस्थापित गर्न सकेन । अमेरिकी सेना हटेपछि तालिबान केही समयमै पुनः सत्तामा फर्कियो ।

**लिबियामा गद्दाफीको पतनपछि के भयो ?**

सन् २०११ मा लिबियामा भएको अमेरिकी तथा पश्चिमी सैन्य हस्तक्षेपले लामो समयदेखि सत्तामा रहेका नेता मुअम्मर गद्दाफीलाई सत्ताबाट हटायो । सुरुमा अमेरिकाले संयुक्त राष्ट्र सुरक्षा परिषद्बाट स्वीकृत अन्तर्राष्ट्रिय सैन्य अभियानको नेतृत्व गरेको थियो । यसको घोषित उद्देश्य गद्दाफीप्रति बफादार सेनाबाट सर्वसाधारणलाई जोगाउनु थियो ।

तर, मार्च २०११ मा अमेरिकाले अभियानको नेतृत्व नेटोलाई हस्तान्तरण गर्‍यो । त्यसपछि पनि अमेरिकाले निगरानी तथा सशस्त्र ड्रोनलगायत महत्त्वपूर्ण सैन्य क्षमता उपलब्ध गराइरह्यो । गद्दाफीको सत्तापतनपछि भने लिबिया राजनीतिक विभाजन, प्रतिद्वन्द्वी सरकार र सत्ताका लागि प्रतिस्पर्धा गर्ने सशस्त्र समूहको चपेटामा परेको छ ।

विभिन्न गुटबिच वर्षौँसम्म चलेको सङ्घर्षपछि सन् २०२० मा संयुक्त राष्ट्रसङ्घको समर्थनमा युद्धविराम भयो । तर, देश अझै पनि प्रतिद्वन्द्वी राजनीतिक संस्था र विभिन्न सैन्य शक्तिकेन्द्रबिच विभाजित छ । अहिले वासिङटन लिबियाको संस्थागत विभाजन अन्त्य गर्ने र प्रतिस्पर्धी कार्यकारी निकायलाई एउटै सरकारअन्तर्गत ल्याउने उद्देश्यको पहलमा मध्यस्थता गर्ने प्रयासमा संलग्न छ ।

**विश्वका अन्य क्षेत्रमा अमेरिकी हस्तक्षेपको इतिहास**

सन् १९४५ देखि १९९१ सम्म चलेको अमेरिका–सोभियत सङ्घ शीतयुद्धका क्रममा वासिङटनले ल्याटिन अमेरिका र क्यारिबियन क्षेत्रमा निर्वाचित वामपन्थी सरकारविरुद्धका विभिन्न अभियानलाई समर्थन गरेको थियो । यसको प्रमुख उद्देश्य ती देशमा रहेका अमेरिकी आर्थिक तथा रणनीतिक हितको रक्षा गर्नु थियो ।

**ग्वाटेमाला**

सन् १९५४ मा सीआईएले ग्वाटेमालाका निर्वाचित राष्ट्रपति ज्याकोबो आर्बेन्जलाई सत्ताबाट हटाउन सहयोग गर्‍यो । आर्बेन्ज सरकारले जमिन राष्ट्रियकरण गर्ने प्रयास गरेको थियो र उनका नीतिहरू वासिङटनलाई बढ्दो रूपमा समाजवादी तथा अमेरिकी हितविपरीत लागेका थिए । त्यसपछि ग्वाटेमालामा लामो गृहयुद्ध सुरु भयो, जुन सन् १९६० देखि १९९६ सम्म चल्यो ।

**क्युबा**

क्युबामा सीआईएले नेता फिडेल क्यास्ट्रोलाई सत्ताबाट हटाउन क्युबाली निर्वासितहरूलाई सैन्य तालिम दिएको थियो । सन् १९६१ मा ती निर्वासित लडाकुहरूले बे अफ पिग्सबाट क्युबामा आक्रमण गरे । तर, क्युबाली सेनाले आक्रमणकारीलाई पराजित गरेपछि अमेरिका समर्थित अभियान असफल भयो ।

**ब्राजिल, इक्वेडर र बोलिभिया**

अमेरिकाले ब्राजिलमा कम्युनिस्टविरोधी सेना र राजनीतिज्ञलाई समर्थन गर्‍यो । त्यसको परिणामस्वरूप सन् १९६४ मा सैन्य कू भयो र राष्ट्रपति जोआओ गौलार्ट सत्ताबाट हटाइए । यस्तै प्रकारको अमेरिकी हस्तक्षेप इक्वेडर र बोलिभियामा पनि भएको थियो ।

**चिली**

चिलीमा सीआईएले निर्वाचित समाजवादी राष्ट्रपति साल्भाडोर एयेन्देविरुद्धका अभियानलाई आर्थिक सहयोग गरेको थियो । एयेन्देको योजनामा अमेरिकी कम्पनीहरूको स्वामित्वमा रहेका तामा खानीलाई राष्ट्रियकरण गर्ने नीति पनि समावेश थियो । सन् १९७३ मा भएको सैन्य कूपछि जनरल अगस्तो पिनोचे सत्तामा आए र १७ वर्षसम्म शासन गरे ।

पिनोचेको शासनकालमा ३ हजारभन्दा बढी मानिस मारिए भने हजारौँ मानिस यातना र कारावासको सिकार भए । करिब १ हजार ४ सय मानिसलाई जबरजस्ती बेपत्ता पारियो । कम्तीमा २ लाख चिलीका नागरिक निर्वासनमा जान बाध्य भए ।

**ग्रेनाडा र पानामा**

अमेरिकाले सन् १९८३ मा ग्रेनाडा र सन् १९८९ मा पानामामा पनि सैन्य आक्रमण गर्‍यो र वासिङटनको विरोधमा रहेका सरकारलाई सत्ताबाट हटायो ।

**अफगानिस्तान**

न्युयोर्कमा सेप्टेम्बर ११ को आतङ्कवादी हमला भएपछि अमेरिकाले सन् २००१ मा अल–कायदालाई ध्वस्त पार्ने र तालिबानलाई सत्ताबाट हटाउने उद्देश्यले अफगानिस्तानमा आक्रमण गर्‍यो ।

अमेरिकी सेना सन् २०२१ सम्म अफगानिस्तानमा रह्यो । तर, तालिबानले तीव्र सैन्य अभियान सञ्चालन गर्दै फेरि देशको अधिकांश भाग कब्जा गरेपछि अमेरिकी सेना फिर्ता भयो । वाट्सन इन्स्टिच्युटका अनुसार, अफगानिस्तान युद्ध तथा पाकिस्तानमा त्यससँग सम्बन्धित द्वन्द्वका कारण करिब २ लाख ४३ हजार मानिस प्रत्यक्ष रूपमा मारिएका थिए ।

**भेनेजुयला**

सन् २०२६ जनवरीमा लामो समयदेखि वासिङटन र काराकासबिच जारी तनाव उत्कर्षमा पुगेपछि भेनेजुयला निर्वाचित राष्ट्रपति निकोलस मादुरो र उनकी पत्नी सिलिया फ्लोरेसलाई अमेरिकी सैन्य कारबाहीका क्रममा अपहरण गरिएको थियो ।

त्यसपछि भेनेजुयलाको राष्ट्रपतीय जिम्मेवारी अन्तरिम राष्ट्रपति डेल्सी रोड्रिगेजले सम्हालेकी छन् । उनले भेनेजुयलालाई अमेरिकी हितसँग अझ नजिक ल्याएकी छन्, जसमा देशको तेल उद्योगमाथिको नियन्त्रण पनि महत्त्वपूर्ण विषय हो ।

मादुरोको अपहरणपछि ट्रम्पले भेनेजुयलाको तेल क्षेत्र र पूर्वाधारमा अमेरिकी लगानी गर्ने प्रतिबद्धता जनाएका छन् । यसै वर्षको सुरुवातमा वासिङटनले भेनेजुयलाको तेल उद्योगमाथिका केही प्रतिबन्ध हटाएको थियो, जसले अमेरिकी कम्पनीलाई त्यहाँको कच्चा तेल बिक्री गर्न सहज बनाएको छ ।

*बाँकी पृष्ठ ७ मा*



ब्राजिलको आउँदो नोभेम्बरमा हुने राष्ट्रपतीय निर्वाचनको प्रचार प्रसारको क्रममा देशको प्रमुख सहर रियो डि जानेरोमा जनतालाई सम्बोधन गर्दै ब्राजिलका वर्तमान राष्ट्रपति एवं वामपन्थी उम्मेदवार लुइज इनासियो लुला दा सिल्भा अगस्ट २२, २०२६ को दिन । *तस्बिर : एपी/ब्रुना प्राडो*

# न्युजिल्यान्डले बालबालिकालाई सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउने

वेलिङ्टन, ८ भदौ (एएफपी) । न्युजिल्यान्ड सरकारले १६ वर्षमुनिका बालबालिकालाई इन्स्टाग्राम, टिकटक, फेसबुक र स्न्यापच्याटजस्ता सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाउने कानुन अघि बढाएको छ । सरकारले सामाजिक सञ्जालका कारण बालबालिकाको मानसिक स्वास्थ्य, निद्रा, पारिवारिक जीवन र शिक्षामा असर परेको भन्दै कडा उमेर सीमा प्रस्ताव गरेको हो ।

प्रधानमन्त्री क्रिस्टोफर लक्सनले बालबालिकामाथि सामाजिक सञ्जालको बढ्दो प्रभाव स्वीकार गर्न नसकिने बताउनुभयो । उहाँका अनुसार १३ देखि १७ वर्ष उमेर समूहका तीनमध्ये एक बालबालिकाले दैनिक कम्तीमा पाँच घण्टा सामाजिक सञ्जालमा बिताउने गरेका छन् । सामाजिक सञ्जालले उनीहरूलाई हानिकारक सामग्री, लत लगाउने प्रविधि र मानसिक दबाबको जोखिममा पारिरहेको उहाँको भनाइ छ ।

प्रस्तावित व्यवस्थाअनुसार सामाजिक सञ्जाल कम्पनीले प्रयोगकर्ताको उमेर १६ वर्षभन्दा बढी भए–नभएको सुनिश्चित गर्नुपर्नेछ । त्यसका लागि खाता विवरण, अनुहारबाट उमेर अनुमान गर्ने प्रविधि, डिजिटल परिचयपत्र वा औपचारिक परिचयपत्र प्रयोग गर्न सकिनेछ । नियम उल्लङ्घन गर्ने मेटालगायत कम्पनीलाई विश्वव्यापी राजस्वको १० प्रतिशतसम्म जरिवाना हुन सक्नेछ । बालबालिका वा उनीहरूका अभिभावकलाई भने दण्ड नहुने शिक्षामन्त्री एरिका स्ट्यानफोर्डले बताउनुभयो ।

तर प्रस्तावित कानुनलाई राजनीतिक चुनौतीसमेत देखिएको छ । सरकारमा सहभागी एक्ट पार्टी र एनजेड फर्स्टले यसको विरोध गरेका छन् । अस्ट्रेलियामा यस्तै व्यवस्था प्रभावकारी नभएको र किशोरकिशोरीले प्रतिबन्ध छल्न सक्ने उनीहरूको तर्क छ । मुख्य विपक्षी लेबर पार्टीले पनि उमेर प्रमाणीकरण कसरी गरिने र कुन प्लेटफर्मलाई प्रतिबन्धमा समेटिने भन्ने विषयमा थप स्पष्टता मागेको छ । लेबरका प्रवक्ता रुबेन डेभिडसनले अनलाइन वातावरण जटिल बन्दै गएकाले युवाको सुरक्षासम्बन्धी जोखिमलाई गम्भीर रूपमा लिनुपर्ने बताउनुभयो ।

अस्ट्रेलियाले गत डिसेम्बरमा १६ वर्षमुनिका बालबालिकालाई सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाउने विश्वकै पहिलो कानुन लागू गरेको थियो । बेलायत, फ्रान्सलगायतका देशले पनि यस्तै उपाय अघि बढाएका छन् । यद्यपि, गत जुनमा प्रकाशित एक अध्ययनले अस्ट्रेलियाको प्रतिबन्धपछि किशोरकिशोरी सामाजिक सञ्जालबाट उल्लेख्य रूपमा टाढिएको प्रमाण निकै कम रहेको देखाएको थियो ।

# गाजामा सेना परिचालनबारे छलफल गर्न युगान्डा र बुरुन्डीका सैन्य अधिकारी इजरायलमा

तेलअभिव, ८ भदौ (एपी) । गाजामा प्रस्तावित अन्तर्राष्ट्रिय सुरक्षा बलमा सेना परिचालन गर्ने विषयमा छलफल गर्न युगान्डा र बुरुन्डीका सैन्य अधिकारीहरूले गत साता इजरायल भ्रमण गरेका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको 'बोर्ड अफ पिस' ले नाजुक युद्धविराम कायम गर्न गाजामा अन्तर्राष्ट्रिय स्थिरीकरण बल तैनाथ गर्ने योजना बनाएको छ । बोर्डका एक अधिकारीका अनुसार युगान्डाका अधिकारीहरू बुरुन्डीको सैन्य प्रतिनिधिमण्डलसँगै इजरायल पुगेका थिए ।

युगान्डाले यसै महिना संसद्बाट गाजामा सेना पठाउने निर्णय अनुमोदन गराएपछि आफ्नो सहभागिताको विवरण अन्तिम रूप दिइरहेको छ । बुरुन्डीले भने अझै कुनै निर्णय गरेको छैन तर प्रक्रियामा अघि बढ्न इच्छुक देखिएको अधिकारीले बताए ।

बुरुन्डीका एक सैन्य अधिकारीका अनुसार तीन वरिष्ठ अधिकारीसहितको प्रतिनिधिमण्डल इजरायल गएको थियो । युगान्डा र बुरुन्डीले कति सैनिक पठाउने वा त्यसका लागि उनीहरूले के पाउने भन्नेबारे भने स्पष्ट भइसकेको छैन ।

गाजाका लागि प्रस्तावित अन्तर्राष्ट्रिय बलमा मोरक्को, कोसोभो, काजाकिस्तान र अल्बानियाले पनि सैनिक पठाउने प्रतिबद्धता जनाएका छन् । युगान्डाले करिब एक हजार दुई सय र मोरक्कोले पाँच सयसम्म सैनिक पठाउने प्रतिबद्धता जनाएका छन् । अन्य तीन देशले संयुक्त रूपमा करिब ८० सैनिक पठाउने भएका छन् ।

इन्डोनेसियाले आठ हजार सैनिक पठाउने तयारी गरे पनि अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरेपछि योजना स्थगित गरेको थियो । प्रस्तावित अन्तर्राष्ट्रिय बलमा करिब २० हजार सैनिक रहने र यसको नेतृत्व अमेरिकी मेजर जनरल ज्यास्पर जेफर्सले गर्ने योजना छ ।

सम्झौताअनुसार उक्त बलले युद्धविरामको अनुगमन, प्यालेस्टिनी प्रहरीलाई तालिम तथा मानवीय सहायता सुरक्षित रूपमा वितरण गर्न सहयोग गर्नेछ । तर इजरायली सेना फिर्ता र हमासको नि:शस्त्रीकरणसम्बन्धी मतभेदका कारण युद्धविराम कार्यान्वयनमा प्रगति हुन सकेको छैन ।

युगान्डा र बुरुन्डीले सोमालियामा अल–शबाबविरुद्ध अफ्रिकी सङ्घको शान्ति मिसनमा लामो समय सैनिक परिचालन गरेका छन् । जर्ज वासिङ्गटन विश्वविद्यालयका सुरक्षा नीति विज्ञ पल डी. विलियम्सका अनुसार दुवै देशसँग गाजामा प्रस्तावित मिसनका लागि उपयोगी शान्ति स्थापना अनुभव छ ।

एक युगान्डाली सैन्य अधिकारीले गाजामा परिचालनका लागि सैनिक छनोट भइरहेको बताएका छन् ।

# थाइल्यान्डमा ५१ स्थानमा हिंसा

बैङ्कक, ८ भदौ (एपी) । थाइल्यान्डका दक्षिणी तीन प्रान्तमा एकै रात ५१ स्थानमा बम विस्फोट, आगजनी र तोडफोड भएपछि प्रधानमन्त्री अनुतिन चार्नविराकुलले आइतबार उच्चस्तरीय सुरक्षा अधिकारीसँग आकस्मिक बैठक गर्नुभएको छ । उत्तरमा बाढीको सङ्कटबिच दक्षिणमा सुरक्षा अवस्था बिग्रिएपछि उहाँले सुरक्षा निकायका प्रमुखसँग छलफल गर्नुभएको हो ।

नाराथिवाट, पट्टानी र यालामा भएका घटनामा तीन जना सर्वसाधारण घाइते भएका छन् । अधिकांश घटनामा साना बम विस्फोट, आगजनी तथा सम्पत्तिमा क्षति पुऱ्याइएको थियो । पट्टानीस्थित ७–इलेभेन पसलमा भएको आगजनी र नाराथिवाटमा रेलमार्गमा गरिएको बम विस्फोट प्रमुख घटनामा परेका छन् । रेलमार्गमा क्षति पुगेपछि स्थानीय तथा लामो दूरीका रेल सेवा प्रभावित भएका छन् ।

घटनाको जिम्मेवारी तत्काल कुनै समूहले लिएको छैन । यद्यपि, दक्षिणी थाइल्यान्डमा सक्रिय विद्रोही समूह बारिसन रिभोलुसी नेसनल मेलायु पटानी (बीआरएन) माथि यस्ता आक्रमणको आशङ्का गरिँदै आएको छ । बीआरएनले मुस्लिम बहुल दक्षिणी प्रान्तमा बढी स्वायत्तताको माग गर्दै आएको छ र थाई सरकारसँग शान्तिवार्ता पनि गर्दै आएको छ ।

नाराथिवाट, पट्टानी र याला थाइल्यान्डका मुस्लिम बहुल दक्षिणी प्रान्त हुन् । त्यहाँको मुस्लिम समुदायले लामो समयदेखि आफूहरूलाई विभेद गरिएको गुनासो गर्दै आएको छ । पृथकतावादी आन्दोलन दशकौँदेखि सक्रिय भए पनि सन् २००४ पछि हिंसा तीव्र भएको थियो । 'डिप साउथ वाच' का अनुसार पछिल्ला २२ वर्षमा यस क्षेत्रको हिंसामा सात हजार ८३७ जनाको मृत्यु भएको छ ।

गत जुलाईमा नाराथिवाटको सुरक्षा चौकीमा भएको आक्रमणमा पाँच अर्धसैनिकको मृत्यु भएको थियो भने १० वर्षीय बालकसहित छ जना सर्वसाधारण घाइते भएका थिए ।

स्वतन्त्र सुरक्षा विश्लेषक डन पठानका अनुसार बीआरएनले सरकारसँगको वार्तामा आफ्नो प्रभाव बढाउन हिंसात्मक गतिविधि गर्ने गरेको छ । पछिल्ला घटनामा ठूलो सङ्ख्यामा मानिसको हत्या गर्नेभन्दा आफ्नो क्षमता प्रदर्शन गर्दै सरकारलाई दबाब दिने उद्देश्य देखिएको उहाँको विश्लेषण छ ।

प्रधानमन्त्री अनुतिनले सुरक्षा बैठकपछि बाढी प्रभावित उत्तरी नान प्रान्तको निरीक्षण गर्नुभएको थियो । दक्षिणी क्षेत्रमा भएको समन्वित हिंसाले शान्तिवार्ताका बिच पनि सुरक्षा चुनौती कायमै रहेको देखाएको छ ।

## विश्व सङ्क्षेप

### फ्रान्सले दुई इरानी कूटनीतिज्ञ निष्कासन गर्ने निर्णयप्रति इरानको आपत्ति

तेहरान, ८ भदौ (एएफपी) । इरानको विदेश मन्त्रालयले दुई फ्रान्सेली कूटनीतिज्ञमाथि लगाइएको प्रतिबन्धको जवाफमा फ्रान्सले दुई इरानी कूटनीतिज्ञलाई निष्कासन गर्ने निर्णय गरेको भन्दै त्यसलाई 'गैरकानुनी' कदम भनेको छ ।

मन्त्रालयका प्रवक्ता इस्माइल बाकायीले सोमबार आयोजित साप्ताहिक पत्रकार सम्मेलनमा इरानले चालेको कानुनी कदमको जवाफमा फ्रान्सले गरेको निर्णयले दुई देशबिचको सम्बन्ध सुधारमा कुनै योगदान नगर्ने बताउनुभयो ।

"इरानको कानुनी कदमको जवाफमा फ्रान्सले चालेको कदम गैरकानुनी हो र यसले द्विपक्षीय सम्बन्धमा कुनै पनि हिसाबले मद्दत गर्दैन," उहाँले भन्नुभयो ।

बाकायीले गत साता जुलाईमा इरानको आन्तरिक मामिलामा 'हस्तक्षेप' गरेको आरोपमा छोटो समयका लागि पक्राउ परेका दुई फ्रान्सेली कूटनीतिज्ञलाई इरान फर्कन अनुमति नदिइने बताउनुभएको थियो ।

त्यसको प्रतिक्रियामा फ्रान्सका विदेशमन्त्री जाँ–नोएल बारोटले फ्रान्समा रहेका दुई इरानी कूटनीतिज्ञलाई आगामी दिनमा निष्कासन गरिने घोषणा गर्नुभएको थियो । बारोटका अनुसार गत महिना तेहरानमा छोटो समयका लागि हिरासतमा लिइएका फ्रान्सेली कूटनीतिज्ञमाथि भएको असह्य व्यवहारको जवाफस्वरूप फ्रान्सले यस्तो कदम चालेको हो ।

उहाँले ती कूटनीतिज्ञलाई इरानी अधिकारीले 'कूटनीतिक उन्मुक्तिको गम्भीर उल्लङ्घन' गर्दै निशाना बनाएको बताउनुभएको थियो । उनीहरूले इरानको सुरक्षा निकायबाट अत्यन्त गम्भीर प्रकृतिको धम्कीपूर्ण व्यवहार समेत सामना गर्नुपरेको उहाँको भनाइ थियो ।

यसअघि बाकायीले फ्रान्सेली कूटनीतिज्ञहरूको गतिविधिका लागि पेरिसले माफी माग्नुपर्ने बताउनुभएको थियो । उहाँका अनुसार ती गतिविधिले कूटनीतिक सम्बन्धसम्बन्धी भियना महासन्धिको उल्लङ्घन गरेका थिए ।

### गिनीको ल्यान्डफिलमा पहिरो जाँदा ३० जनाको मृत्यु

कोनाक्री, ८ भदौ (एपी) । गिनीको राजधानी कोनाक्रीस्थित सबैभन्दा ठूलो ल्यान्डफिलमा पहिरो जाँदा कम्तीमा ३० जनाको मृत्यु भएको सरकारी अधिकारीले बताएका छन् ।

आइतबार बिहान भारी वर्षापछि दार एस सलामस्थित ल्यान्डफिलमा थुपारिएको फोहोरको ठूलो भाग भत्किँदै घरमा क्षति पुगेको छ ।

अधिकारीहरूका अनुसार बिहान करिब २ बजे सुरु भएको भारी वर्षाका कारण फोहोर बगेर आसपासका बस्तीमा पुगेको थियो । घटनापछि जीवितको खोजी तथा उद्धार कार्य जारी रहेको छ । सैन्य इन्जिनियरिङ बटालियनका सरसफाइ अधिकारी लेफ्टिनेन्ट कर्नल बाल्डे मामाडोउ बैलोका अनुसार उक्त ल्यान्डफिल आइतबारदेखि बन्द गर्ने तयारी गरिएको थियो ।

ल्यान्डफिल आसपास बसोबास गर्ने स्थानीयलाई यसअघि नै अन्यत्र स्थानान्तरण हुन सूचना दिइएको थियो । त्यसका बाबजुद पहिरो जाँदा धेरै मानिस त्यही क्षेत्रमा रहेको अधिकारीहरूले बताएका छन् ।

क्षेत्रीय प्रशासन तथा विकेन्द्रीकरण मन्त्री डिएनाबोउ टुरेले घटनास्थलमा पुगेर बाँकी परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिने बताउनुभयो ।

गिनी खनिज स्रोतमा धनी मुलुक हो । यहाँ विश्वकै ठूलो बक्साइट भण्डारका साथै फलाम, सुन र हीराजस्ता खनिज पाइन्छन् । तर विश्व बैङ्कका अनुसार मुलुकको ४३ दशमलव सात प्रतिशत जनसङ्ख्या राष्ट्रिय गरिबीको रेखामुनि रहेको छ ।

# हर्मुज खुलाउनेबारे इरान–ओमान छलफल

तेहरान, ८ भदौ (एएफपी) । हर्मुजको जलघाँटी हुँदै जहाजको आवागमन सहज बनाउने उपायबारे छलफल गर्न ओमानका विदेशमन्त्री बद्र अल–बुसाइदीले मङ्गलबार इरान भ्रमण गर्नुहुने भएको छ । उहाँले इरानी विदेशमन्त्री अब्बास अराघचीसँग जलमार्गको सुरक्षा तथा द्विपक्षीय र क्षेत्रीय विषयमा छलफल गर्नुहुनेछ ।

इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाकाईले भ्रमणले हर्मुजका दुई तटीय राष्ट्रबिच जारी राजनीतिक परामर्शलाई अघि बढाउने बताउनुभएको छ । उहाँका अनुसार क्षेत्रीय शान्ति तथा सुरक्षा सुदृढ गर्नु र इरान–ओमान सहयोग विस्तार गर्नु भ्रमणको प्रमुख उद्देश्य हो ।

फेब्रुअरी २८ मा मध्यपूर्वमा युद्ध सुरु भएयता इरानले तेल तथा ग्यास ढुवानीका लागि महत्त्वपूर्ण हर्मुज जलघाँटीमा नियन्त्रण कायम राखेको छ । जलमार्ग प्रयोग गर्ने जहाजले अनुमति लिनुपर्ने र पारवहन शुल्क तिर्नुपर्ने व्यवस्था रहेको बताइएको छ । युद्धअघि विश्वको तेल तथा एलएनजी निर्यातको करिब पाँचौँ हिस्सा यही मार्गबाट हुने भएकाले यसको अवरोधले विश्व ऊर्जा बजारमा असर पार्दै आएको छ ।

इरान र ओमानले हर्मुज हुँदै जहाज आवागमनका लागि नयाँ व्यवस्था तथा मार्गबारे छलफल गरिरहेका छन् । जलघाँटीले दुई देशलाई छुट्याउँछ । यद्यपि, प्रस्तावित व्यवस्थासम्बन्धी सम्झौता अझै अन्तिम भएको छैन ।

अमेरिकाले जलघाँटीलाई युद्धअघि कायम रहेको स्वतन्त्र नौवहन व्यवस्थामा फर्काउनुपर्ने बताउँदै आएको छ । राष्ट्रपति डोनाल्ड ट्रम्पले हर्मुजमा अमेरिकाको 'पूर्ण नियन्त्रण' रहेको दाबी गर्नुभएको छ ।

तेहरानले भने वार्ताबाट सहमति बने पनि अमेरिकाले इरानी बन्दरगाहमाथिको नाकाबन्दी हटाउनेलगायत आफ्ना माग पूरा नगरेसम्म जलमार्ग पूर्ण रूपमा खुला नहुने अडान राख्दै आएको छ । यसले हर्मुज हुँदै अन्तर्राष्ट्रिय जहाजको नियमित आवागमन तत्काल सामान्य हुनेमा अनिश्चितता कायमै छ ।

# मिर्गौला रोग: रोकथाम, पहिचान र उपचार

✍ रन्जिना शाक्य

मिर्गौला हाम्रो शरीरको एक अत्यन्त महत्त्वपूर्ण अङ्ग हो । सामान्यतया दायाँ र बायाँ गरी दुईवटा मिर्गौला हुन्छन् । यो कम्मरको माथिल्लो भागमा ढाडको भित्रीपट्टि दुवै छेउमा अवस्थित हुन्छ ।

**मिर्गौलाका प्रमुख कार्यहरू:**

१. रगत छान्ने: रगतबाट फोहोर पदार्थ र विषाक्त पदार्थ हटाउँछ ।

२. पिसाब बनाउने: अतिरिक्त पानी, नुन र फोहोर पदार्थलाई पिसाबमार्फत बाहिर निकाल्छ ।

३. शरीरमा पानीको मात्रा सन्तुलन गर्ने: शरीरमा पानी कम वा बढी हुन नदिई सन्तुलन कायम राख्छ ।

४. रक्तचाप (प्रेसर) नियन्त्रणमा सहयोग गर्ने: रेनिन (Renin) लगायतका हर्मोनमार्फत रक्तचाप नियमन गर्छ ।

५. इलेक्ट्रोलाइट सन्तुलन: सोडियम, पोटासियम, क्याल्सियम, फोस्फोरस, म्याग्नेसियम आदि खनिजको मात्रा नियन्त्रण गर्छ ।

६. अम्ल-क्षार सन्तुलन कायम गर्ने: रगतको pH सामान्य राख्न मद्दत गर्छ ।

७. रातो रक्तकोष बनाउन सहयोग गर्ने: इरिथ्रोपोएटिन (EPO) उत्पादन गरी हड्डीको मासीलाई रातो रक्तकोष बनाउन प्रेरित गर्छ ।

८. भिटामिन डी (Vitamin-D) सक्रिय बनाउने: सक्रिय भिटामिन डी बनाएर क्याल्सियमको अवशोषण र हड्डीको स्वास्थ्यमा सहयोग गर्छ ।

९. हर्मोन तथा औषधिको मेटाबोलिज्म/उत्सर्जनमा भूमिका: केही औषधि तथा हर्मोनका पदार्थहरू शरीरबाट हटाउन सहयोग गर्छ ।

**मिर्गौला रोगका प्रमुख कारणहरू:**

१. मधुमेह (Diabetes) चिनी रोग: लामो समयसम्म रगतमा चिनी बढी हुँदा मिर्गौलाका साना रक्तनलीमा क्षति पुग्छ ।

२. उच्च रक्तचाप : लामो समयसम्म रक्तचाप बढी हुँदा मिर्गौलामा क्षति पुग्छ ।

३. ग्लोमेरुलोनेफ्राइटिस (Glomerulonephritis): मिर्गौलाका छान्ने भाग (Glomeruli) मा हुने सुजन वा रोग ।

४. वंशानुगत रोग: जस्तै ADPKD (Polycystic Kidney Disease)

५. मिर्गौलामा पथरी तथा पिसाबको अवरोध: लामो समयसम्म अवरोध रहँदा मिर्गौला बिग्रन सक्छ ।

६. बारम्बार हुने पिसाबको सङ्क्रमण (Recurrent UTI): विशेषगरी सङ्क्रमण मिर्गौलासम्म फैलिए क्षति हुन सक्छ ।

७. औषधिको दुरूपयोग: विशेषगरी Painkiller ( NSAIDs) दुखाइ कम गर्ने औषधि लामो समय वा अनियन्त्रित रूपमा प्रयोग गर्दा ।


८. अटोइम्युन तथा बाथ रोगहरू: जस्तै Lupus Nephritis /Gouty Arthritis/Connective tissue disease ले मिर्गौलामा असर गर्न सक्छ ।

९. मोटोपना तथा अस्वस्थ जीवनशैली: मोटोपना, धेरै नुन खाने, शारीरिक निष्क्रियता, धूमपान तथा अत्यधिक मदिरा सेवनले जोखिम बढाउँछ ।

१०. तीव्र मिर्गौला क्षति (AKI) : अत्यधिक पानीको कमी, गम्भीर सङ्क्रमण, रक्तचाप अत्यधिक कम हुनु आदि कारणले अचानक मिर्गौला कमजोर हुन सक्छ ।

११. जन्मजात मिर्गौला तथा मुत्र प्रणालीको समस्या ।

१२. अन्य रोगहरू: हृदय रोग, कलेजोको रोग, केही क्यान्सर/रक्तसम्बन्धी रोगले पनि मिर्गौलामा असर गर्न सक्छ ।



**मिर्गौला रोगका लक्षणहरू:**

मिर्गौला रोग प्रारम्भिक अवस्थामा प्राय: कुनै स्पष्ट लक्षण नदेखिन सक्छ । त्यसैले यसलाई 'मौन रोग' (Silent Disease) पनि भनिन्छ । रोग बढ्दै जाँदा निम्न लक्षण देखिन सक्छन् :

- खुट्टा, गोलीगाँठो वा अनुहार सुन्निनु
- पिसाबमा फिंज/फोका धेरै आउनु प्रोटिन पिसाबमा गएको सङ्केत हुन सक्छ
- पिसाबमा रगत देखिनु
- पिसाबको मात्रा वा पटकमा परिवर्तन हुनु
- राति पटक-पटक पिसाब लाग्नु
- उच्च रक्तचाप देखिनु वा नियन्त्रण गर्न गाह्रो हुनु
- थकान, कमजोरी र काम गर्न मन नलाग्नु
- भोक कम लाग्नु, वाकवाकी वा बान्ता हुनु
- छाला सुक्खा र चिलाउनु
- मांसपेशीमा कमजोरी
- रोग धेरै बढेमा सास फेर्न गाह्रो हुनु, अत्यधिक निद्रा/अलमल जस्ता लक्षण देखिन सक्छन् ।

तर, लक्षण देखिएपछि मात्र परीक्षण गर्ने होइन । मधुमेह, उच्च रक्तचाप, मुटुरोग, मोटोपना वा परिवारमा मिर्गौला रोगको इतिहास भएका व्यक्तिले नियमित परीक्षण गर्नुपर्छ ।

**मृगौला रोगबाट बच्ने उपायहरू**

मिर्गौला स्वस्थ राख्न केही सरल तर महत्त्वपूर्ण उपाय अपनाउन सकिन्छ ।

- प्रशस्त पानी पिउने: दिनमा पर्याप्त पानी पिउँदा पिसाब नली सफा हुन्छ र पत्थरी बन्ने जोखिम घट्छ ।
- स्वस्थ खानपान: नुन, चिलो र प्रशोधित खाना कम खाने तथा ताजा फलफूल र सागसब्जी बढी खाने ।
- नियमित व्यायाम: शरीरको तौल नियन्त्रणमा राख्न दैनिक हिँडाइ वा योगा गर्ने ।
- रक्तचाप र मधुमेह नियन्त्रण: ब्लड प्रेसर र ब्लड सुगरलाई सधैँ काबुमा राख्ने ।
- औषधिको दुरूपयोग नगर्ने: डाक्टरको सल्लाहबिना दुखाइ कम गर्ने कडा औषधि नखाने ।
- धूमपान र मदिरा त्याग: चुरोट, सुर्ती र रक्सीको सेवन पूर्ण रूपमा छोड्ने वा कम गर्ने ।
- नियमित स्वास्थ्य जाँच: वर्षमा एक पटक पिसाब र रगतको परीक्षण गराउने ।

**रोगको पहिचान:**

मिर्गौला रोग पत्ता लगाउन लक्षण कुर्नु पर्दैन । साधारण रक्त र पिसाब परीक्षणबाट पनि प्रारम्भिक अवस्थामा पहिचान गर्न सकिन्छ ।

**प्रमुख जाँचहरू:**

- रक्त परीक्षण: Senum Creatinine, Urea/BUN, Electrolytes-(Sodium, Potassium), आवश्यकता अनुसार Hb, Calcium, Phosphorus
- पिसाब परीक्षण: Urine routine examination, Urine Albumin-Creatinine Ratio, Urine Protein-Creatinine Ratio (पिसाबमा एल्बुमिन/ प्रोटिनको मात्रा पत्ता लगाने)
- रक्तचाप मापन : उच्च रक्तचाप मिर्गौला रोगको कारण पनि हुन सक्छ र परीणाम पनि
- अल्ट्रासाउन्ड (USG)/ भिडियो X-ray KUB मिर्गौलाको आकार, संरचना, पत्थरी, पिसाबको अवरोध तथा अन्य संरचनात्मक समस्या हेर्न उपयोगी हुन्छ ।
- चिकित्सक/मिर्गौला रोग विशेषज्ञ (Nephrologist) को सल्लाहअनुसार मिर्गौला परीक्षण गर्ने - Kidney Biopsy

**मिर्गौला रोगको प्रमुख उपचार :**

मिर्गौला रोगको उपचार कारण, अवस्था र मिर्गौलाको कार्यक्षमताअनुसार फरक हुन्छ । सुरुआती अवस्थामा उपचार र जीवनशैलीमा सुधार गरेर रोग बढ्ने गति धेरै हदसम्म कम गर्न सकिन्छ ।

- मधुमेह र उच्च रक्तचाप नियन्त्रण गर्ने
- पिसाबमा प्रोटिन/एल्बुमिन भएमा चिकित्सकको सल्लाहअनुसार औषधि प्रयोग गर्ने
- नुन कम गर्ने, स्वस्थ र सन्तुलित आहार खाने तथा स्वस्थ तौल कायम गर्ने
- धूमपान, मद्यपान त्याग्ने र नियमित शारीरिक व्यायाम गर्ने
- चिकित्सकको सल्लाहबिना NSAIDS जस्ता दुखाइ कम गर्ने औषधि लामो समय प्रयोग नगर्ने
- मिर्गौला रोगका कारण हुने रक्तअल्पता, पोटासियम खनिज असन्तुलन, एसिडोसिस तथा हड्डीसम्बन्धी समस्याको उपचार गर्ने
- मिर्गौलाको कार्यक्षमता अत्यधिक घटेर (ESRD) मिर्गौला विफलता भएमा आवश्यकता अनुसार हेमोडायलाइसिस (Hemodialysis), पेरिटोनियल डायलाइसिस वा मिर्गौला प्रत्यारोपण गरिन्छ ।

**अन्त्यमा**

मिर्गौला रोगको सबैभन्दा राम्रो उपचार भनेको समयमै रोकथाम र प्रारम्भिक पहिचान हो । पिसाब सामान्य छ, त्यसैले मिर्गौला पनि स्वस्थ छ भन्ने सोच सही होइन । मधुमेह, उच्च रक्तचाप, वा जोखिम भएका व्यक्तिले नियमित परीक्षण गराउनु र स्वस्थ व्यक्तिले पनि स्वस्थ जीवनशैली अपनाउनु नै मिर्गौला बचाउने सबैभन्दा प्रभावकारी उपाय हो ।

स्वस्थ मिर्गौला, स्वस्थ जीवन आजैदेखि आफ्नो मिर्गौलाको ख्याल राखौं ।

*(लेखिका भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहु-प्राविधिक अध्ययन संस्थानमा नर्सिङ विभागमा उप-प्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।)*

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप - १६


**बानेश्वर चोक**

**Civil Hospital PTZ / Nepal Commerce Campus MinBhawan**

बिहान ७:५८ देखि नै आन्दोलनकारीहरू बानेश्वर संसद् भवन मेन गेटअगाडि जम्मा भई ८:२४ बजे फलामे बारहरू मेनगेट अगाडिको बाटोमा तेर्स्याएर गाडीहरू बन्द गर्न खोजेको देखिन्छ ।

**Nepal Commerce Campus MinBhawan**

९:१८ मा मिनभवन




क्याम्पसअगाडि आन्दोलनकारीहरू जम्मा भई आन्दोलन सुरु गरे ।

Krishna Tower PTZ ११:३१ बजे मिनेटमा सर्वप्रथम आन्दोलनकारीहरू बिजुलीबजार नजिकै रहेको Krishna Tower अगाडि जम्मा हुन सुरु गरी ११:५५ बजे बबरमहलतर्फबाट आएका आन्दोलनकारीहरूसँग मिसिइ बानेश्वरतर्फ अघि बढेको देखिन्छ ।

Baneshwor Chowk PTZ पहिलोपल्ट ११:५८ बजे बानेश्वर चोकमा आन्दोलनकारीहरूले आगजानी गरेपश्चात् नेपाल प्रहरीले लिएको ड्युटिको फर्मेशन छोडेर ब्याक भएको देखियो ।

www.onlinekhabar.com का अनुसार १२:०० मा च्यासलस्थित एमालेको केन्द्रिय कार्यालयमा आगजनी सुरु भएको उल्लेख गरेको छ भने अनलाइन खबरबाट प्राप्त ड्रोन फुटेजमा १२:०१ बजे आगजनी भइरहेको देखिन्छ । त्यस क्षेत्र वरपर रहेका अन्य भवन, व्यापारिक प्रतिष्ठानहरूमा समेत आगलागी भइरहेको देखिन्छ ।

**Baneshwor Chowk PTZ / Everest Hotel**

आन्दोलनकारीहरूले १२:११ बजे बानेश्वर चोकमा रहेको ट्राफिक प्रहरीको आइल्यान्डमा आन्दोलनकारीहरूले आगजनी गरेको देखिन्छ । सोही घटना www. onlinekhabar.com का अनुसार १२:१४ बजे ट्राफिक बिटमा आगजनी गरेको उल्लेख गरेको छ । १२:४५ बजे फेरी अर्को भिड बानेश्वर चोकतर्फ नाराबाजी गर्दै अगाडि बढेको १३:०१ मा अनलाइन खबरबाट प्राप्त ड्रोन फुटेजअनुसार आन्दोलनकारीहरू नयाँ बानेश्वर चोकदेखि पश्चिम गेटतर्फ भेला भइरहेको देखिन्छ ।

www.onlinekhabar.com ले उल्लेख गरेअनुसार १३:०८ बजे संसद् भवन नजिकै रहेको यातायात कार्यालयमा आन्दोलनकारीहरूले आगजनी गरेका छन् भने अनलाइन खबरबाट प्राप्त ड्रोन फुटेज सो समयमा यातायात कार्यालयमा आगलागी भइरहेको र संसद् भवन परिसरको मुख्य गेटमा सुरक्षाकर्मी फर्मेसनमा रहेको परिसरभित्र आन्दोलनकारी नदेखिएको अवस्था देखिन्छ ।

अनलाइन खबरबाट प्राप्त ड्रोन फुटेजमा १३:१४ बजे बानेश्वरमा Youth Against Corruption को पम्पलेटसहितको ठुलो भिड बानेश्वर चोकबाट अगाडि बढिरहेको देखिन्छ ।

www.onlinekhabar.com ले उल्लेख गरेअनुसार ०२:५० बजे संसद् भवनमा आगजनी सुरु गरिसकेको देखिन्छ भने अनलाइन खबरबाट प्राप्त ड्रोन फुटेजमा ०२:५६ बजे संसद् भवनमा आगो लागेको देखिन्छ ।

**१३:०२ -१३:३०**

**भद्रकालीदेखि सिंहदरबार पश्चिम गेटसम्म**

**CCTV : Bhadrakali PTZ, Singha Durbar Paschim Gate, घटना**

आन्दोलनकारीहरू सिंहदरबारको पश्चिम गेटतर्फ अगाडि बढिरहेको तथा नेपाल प्रहरीको वाटर क्यानन तथा सुरक्षाकर्मीहरूसमेत आफ्नो फर्मेसनमा ड्युटी लिइरहेको देखिन्छ । नेपाल प्रहरीको वाटर क्यानन गएको तथा आन्दोलनकारीहरूमध्ये आधा जति आन्दोलनकारी प्रदर्शनी मार्गतर्फ मोडिएर उपत्यका ट्राफिक प्रहरी अगाडिसम्म राखिएका डिभाइडरहरू तोडफोड गर्न सुरु गरेको देखिन्छ । प्रदर्शनी मार्गतिरबाट ठुलो सङ्ख्यामा भिड हातमा लट्ठी, फलाम, बास लिई सिंहदरबार पश्चिम गेटमा जम्मा भएका प्रहरीको ब्यारेकसमेत तोडफोड गरी मुख्य बाटोमा टायरमा आगजनी गरेको देखिन्छ । सुरक्षाकर्मीहरू मेन गेटबाट सानो गेटतर्फ सरेको साथै आन्दोलनकारी पश्चिम गेटमा चढिसकेको देखिन्छ । आन्दोलनकारीहरू पश्चिम गेटभित्र नै छिरिसकेको तथा बाहिरको ड्युटी सम्पूर्ण पश्चिम गेटभित्र छिरेको देखिन्छ ।

**१३:४०-१३:४९**

**सिंहदरबार पश्चिम गेटअगाडि**

**CCTV : Singha Durbar Paschim Gate, Inside VIP Gate**

आन्दोलनकारीहरू सिंहदरबार पश्चिम गेटभित्र छिरिसकेको देखिन्छ भने अनलाइन खबरबाट प्राप्त ड्रोन फुटेजमा १३:४९ बजे भिड सिंहदरबारको पश्चिम गेटअगाडि तिर भाग्दै गरेको देखिन्छ । अनलाइन खबरबाट प्राप्त ड्रोन फुटेजमा १३:४९ बजे आन्दोलनकारीहरू पश्चिम गेटमा चढ्न सुरु गरेको देखिन्छ ।

**१५:०३-१५:१५**

**सिंहदरबार पश्चिम गेट अगाडि**

**CCTV : Old Home Turning, Onlinekhabar Drone Footage**

पहिलोपल्ट आन्दोलनकारीहरू प्रधानमन्त्री परिसर अगाडि पुगेपछि ठुलो आगो दन्किन सुरु गरेको देखिन्छ तथा अनलाइन खबरबाट प्राप्त ड्रोन फुटेजअनुसार १५:१३ बजे सिंहदरबार परिसरमा ठुलो मात्रामा धुवाँ उडेको देखिन्छ ।

**सिंहदरबार दक्षिण गेट**

**CCTV : Singha Durbar Dakshin Gate**

आन्दोलनकारीहरूले दक्षिण गेटमा तोडफोड तथा आगजनी सुरु गरेको देखिन्छ ।

**१५:०७**

**प्रधानमन्त्री कार्यालयको पार्किङ**

**CCTV : PM Parking**

आन्दोलनकारीहरूले प्रधानमन्त्री कार्यालयको पार्किङमा रहेको मोटरसाइकल तथा गाडीमा तोडफोड तथा आगजनी गरेको देखिन्छ ।

*७० वर्षदेखि...*

**के अमेरिकाले विगतबाट कुनै पाठ सिकेको छ ?**

लन्डनस्थित किङ्स कलेजका सहप्राध्यापक एन्ड्रियास क्रिगले अल जजिरासँग कुरा गर्दै, अमेरिकाले इरानमा पटक-पटक तत्कालीन राजनीतिक दिशालाई परिवर्तन गर्न सफल भए पनि त्यसबाट उत्पन्न परिणामलाई भने नियन्त्रण गर्न नसकेको बताएका छन् ।

क्रिगका अनुसार, "सन् १९५३ को कूले मोसाद्देघलाई हटायो र शाहलाई जोगायो, तर यसले राजतन्त्रलाई पश्चिमी हस्तक्षेपसँग स्थायी रूपमा जोडिदियो ।"

शाहलाई दिएको अमेरिकी समर्थनले इरानी राजनीतिमा रहेको अमेरिकीविरोधी भावनालाई सन् १९७९ मा शाहलाई सत्ताबाट हटाउने क्रान्तिकारी गठबन्धनको मुख्य आधार बनाइदिएको क्रिगले बताए । उनी भन्छन्, "त्यस अर्थमा सन् १९५३ को कू तत्कालीन रणनीतिक हिसाबले सफल भयो, तर ऐतिहासिक रूपमा असफल भयो ।"

त्यस्तै, क्रिगका अनुसार अमेरिकी आक्रमणले इराकमा इरानको मुख्य क्षेत्रीय प्रतिरोधी शक्ति सद्दाम हुसेनलाई सत्ताबाट हटायो । तर, त्यसले अनपेक्षित रूपमा इराकमा यस्तो राजनीतिक वातावरण सिर्जना गऱ्यो, जहाँबाट 'इरानी इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स ( आईआरजीसी)' ले सन् २००३ पछि आफ्नो क्षेत्रीय सञ्जालको ठुलो हिस्सा निर्माण गर्न सक्यो ।

विगत ७० वर्षको 'वास्तविक पाठ' रणनीतिक संयमसँग सम्बन्धित हुनुपर्ने क्रिगको तर्क छ । उनले भने, "अमेरिकाले विशिष्ट इरानी सैन्य तथा रणनीतिक क्षमता कमजोर पार्ने प्रयास र इरानको राजनीतिक प्रणाली नै पुन:निर्माण गर्ने प्रयासबिच स्पष्ट भिन्नता छुट्याउनुपर्छ ।"

यही ऐतिहासिक अनुभवले वासिङटनलाई अत्यन्तै सावधान गराउनुपर्ने उनको भनाइ छ । "इरानमा अमेरिकाले पटक-पटक एउटा रणनीतिक समस्या हटाउँदा त्यसको ठाउँमा अझ ठुलो समस्या सिर्जना हुन सक्छ भन्ने अनुभव गरेको छ," उनले भने ।

अमेरिकास्थित 'सेन्टर फर इन्टरनेसनल पोलिसी' की वरिष्ठ अध्येता नेगर मोर्तेजेबीले पश्चिम एसियामा अमेरिकी हस्तक्षेपका परिणाम प्राय: विनाशकारी भएको बताइन् ।

उनका अनुसार, "इरानमा सन् १९५३ को कूदेखि मध्यपूर्वभर भएका सत्ता परिवर्तनका युद्ध र हस्तक्षेपसम्म हेर्दा अमेरिकी इतिहास अराजकता, अस्थिरता र असुरक्षाले भरिएको छ ।"

मोर्तेजेबीले भनिन्, "इरानमा भएको कूले लोकतान्त्रिक आन्दोलनलाई कुल्च्यो, निरङ्कुश शासनलाई बलियो बनायो र आजसम्म अमेरिका-इरान सम्बन्धलाई प्रभावित गरिरहेको गहिरो अमेरिकीविरोधी भावनाको आधार तयार गऱ्यो ।"

उनका अनुसार, पश्चिम एसियाभर सरकार हटाउने र आफ्नो चाहनाअनुसार राजनीतिक परिणाम ल्याउने अमेरिकी बारम्बारका प्रयासले देशहरूलाई कमजोर बनाएका छन्, सशस्त्र समूहलाई बलियो बनाएका छन् र लाखौं मानिसलाई विस्थापित गरेका छन् । साथै, वासिङटनले कहिल्यै अनुमान नगरेका र नियन्त्रण गर्न नसकेका अकल्पनीय परिणामहरू निम्त्याएका छन् ।

मोर्तेजेबी भन्छिन्, "मुख्य पाठ स्पष्ट छ- सरकार ध्वस्त पार्नु त्यसपछि के हुन्छ भन्ने कुरा नियन्त्रण गर्नुभन्दा धेरै सजिलो छ ।" उनका अनुसार वासिङटनले पटक-पटक सैन्य शक्तिलाई राजनीतिक नियन्त्रणसँग र सत्ता परिवर्तनलाई विजयसँग जोडेर भ्रम पालेको छ ।

"सात दशक बितिसक्दा पनि उही धारणाहरू कायम छन् । संयुक्त राज्य अमेरिकाले बाहिरबाट आफ्नो चाहनाअनुसारको व्यवस्था थोपर्न सक्छ, समाजले वासिङटनले अपेक्षा गरेअनुसार प्रतिक्रिया दिनेछ र त्यसबाट उत्पन्न परिणामलाई नियन्त्रणमा राख्न सकिन्छ भन्ने भ्रम अझै छ । रणनीति परिवर्तन हुन सक्छ, तर गल्ती भने उही रहन्छ," उनले भनिन् ।

अर्थात्, अमेरिकी हस्तक्षेपको सात दशकभन्दा लामो इतिहासलाई हेर्दा एउटा कुरा स्पष्ट देखिन्छ- कुनै देशको सरकार हटाउनु र त्यसपछि स्थायी तथा आफूअनुकूल राजनीतिक व्यवस्था निर्माण गर्नु बिलकुल दुई फरक कुरा हुन् ।

*- 'अल जजिरा' बाट*

# ताथलीमा 'भक्तपुर काण्ड' को विरोध एवं भर्त्सना

भक्तपुर, ८ भदौ । नेपाल मजदुर किसान पार्टी चाँगुनारायण न.पा. ९ वडा समितिको आयोजनामा भक्तपुर काण्डको विरोध एवम् भर्त्सना कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य रवीन्द्र ज्याख्वले २०४५ सालमा भएको भक्तपुर काण्ड फेरि पनि फरक ढङ्गले दोहोरिन सक्नेतर्फ सचेत हुनुपर्ने बताउनुभयो । पञ्चायती सरकारबाट रचिएको सो घटनाबारे नयाँ पुस्तालाई बताउन हरेक वर्ष पार्टीले विरोध स्वरूप भर्त्सना गरिरहेको उहाँले उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "भक्तपुर काण्डजस्तै राज्यस्तरबाट गरिएका घटना नेपालका विभिन्न ठाउँमा घटाइएका छन् । संसारका निरङ्कुश र तानाशाही सरकारहरूले जनताका नेता कार्यकर्ताहरूलाई विभिन्न आरोपमा जेल, नेल र षड्यन्त्रमा फसाउने गरेको इतिहासबाट पार्टी कार्यकर्ताले पाठ सिक्नु जरुरी छ । भक्तपुर काण्डमा परेका निर्दोष र गैरराजनैतिक व्यक्तिहरूको पीडा आज पनि आलै छ ।"

उहाँले भन्नुभयो, "पञ्चायती सरकारले पार्टी अध्यक्ष रोहितको फाँसीको माग गर्नु अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन हो । कार्यपालिका, व्यवस्थापिका, न्यायपालिकासमेत मिलेर झूटा मुद्दामा फसाउने षड्यन्त्रको विरोधमा सबै नेपाली एक भएर पञ्चायती व्यवस्थाकै विरोधमा जनआन्दोलन छेडेको हो ।"

नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिका सचिव पाण्डव सुवालले बहुमत किसान रहेको देशमा नेमकिपाले चलाएको किसान आन्दोलनबाट तत्कालीन पञ्चायत सरकार तर्सेर षड्यन्त्र रचेको हो भन्नुभयो ।

उहाँले पार्टी अग्रजहरूले थालेको भ्रष्टाचारविरोधी आन्दोलन पञ्चायतको लागि हाँक भएकोले नेमकिपाको समूल नष्ट गर्ने उद्देश्यले भक्तपुर काण्डको षड्यन्त्र रचेको पञ्चायत ढले पनि पञ्चायती मानसिकता भएकाहरू शासक दलमा रहेकाले नेपाली जनताले दुःख पाइरहेका हुन् भन्नुभयो ।

चाँगुनारायण न.पा. ९ का पार्टी अध्यक्ष राजाराम छुकांको सभापतित्वमा भएको कार्यक्रममा नेपाल क्रान्तिकारी किसान सङ्घ चाँगु नगर समितिका अध्यक्ष नारायणभक्त न्हेम्हाफुकी, स्थानीय वडा अध्यक्ष गणेश त्यात, वडा सदस्य रविन बासुकलालगायतले भक्तपुर काण्ड राज्यस्तरमा तत्कालीन पञ्चायत सरकारले रचेको हुँदा नयाँ पुस्तालाई सचेत पार्नुपर्नेमा जोड दिनुभयो ।

***चीनका...***

रेन तान-होङ, सिचाङ (तिब्बत) स्थित समाज विज्ञान प्रतिष्ठानका उपाध्यक्ष पियनपा लाम्हु, चाइना तिब्बत अध्ययन केन्द्रअन्तर्गत समकालीन अध्ययन संस्थानका निर्देशक चाङ स्-र्-काओ, दक्षिण-पश्चिम राजनीतिक विज्ञान तथा कानुन विश्वविद्यालयअन्तर्गत मानव अधिकार संस्थानका सहायक डीन सियाओ ऊ, चीन मानव अधिकार अध्ययन समाजको सचिवालयका कर्मचारी चुआङ लीनको उपस्थिति रहेको थियो ।


## कर तिर्ने संस्कृतिको विकास गरौं

❖ कानुनबमोजिम समयमै कर तिरी जिम्मेवार नागरिक बनौं,
❖ प्रत्येक खरिद-बिक्रीमा अनिवार्य रूपमा बिल-बिजक लिऔं र दिऔं,
❖ कर छली तथा अवैध कारोबारलाई निरुत्साहित गरौं,
❖ डिजिटल माध्यमबाट भुक्तानी गरी सेवा सहज बनाऔं,
❖ करदाताका अधिकार र कर्तव्यबारे सचेत बनौं,
❖ पारदर्शी, इमानदार र जिम्मेवार कर संस्कृतिको विकास गरौं,
❖ करबाट संकलित राजस्व राष्ट्रको विकास र सार्वजनिक सेवामा उपयोग हुने हुँदा राष्ट्र निर्माणमा सहभागि बनौं।

कर तिर्नु नागरिकको दायित्व र राष्ट्रप्रतिको योगदान हो।

नेपाल सरकार
विज्ञापन बोर्ड


दर्ता नं.: २७६/१५५/०६४/०६५ "एकका लागि सबै, सबैका लागि एक नै सहकारीता हो ।" पान नं.: ३०३५४३७२१

# जय भिमसेन बचत तथा ऋण सहकारी संस्था लि.

Jaya Bhimsen Saving & Credit Co-operative Ltd.

भक्तपुर न.पा.-७, गोल्मढी, भक्तपुर । फोन नं.: ०१-६६१९०७६ । मो.नं.: ९८६४६७३५९६

## १९ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस संस्थाको १९ औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा देहायका प्रस्तावित विषयहरूमाथि छलफल गरी निर्णयहरू हुने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरूमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**छलफलका विषयहरू**

१. आ.व. २०८२/०८३ को प्रगति प्रतिवेदन तथा आ.व. २०८३/०८४ को भावी कार्यक्रमबारे ।
२. आ.व. २०८२/०८३ को आर्थिक प्रतिवेदन तथा आ.व. २०८३/०८४ को अनुमानित बजेटबारे ।
३. आ.व. २०८२/०८३ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदनबारे ।
४. आ.व. २०८२/०८३ को लेखापरीक्षकको प्रतिवेदन तथा आ.व. २०८३/०८४ को लागि लेखापरीक्षक नियुक्ति र पारिश्रमिक तोक्नेबारे ।
५. शेयर लाभांस कोष रकम वितरणबारे ।
६. संरक्षित पुँजी फिर्ता कोष रकम वितरणबारे ।
७. सञ्चालक समितिले गरेका निर्णयहरू अनुमोदनबारे ।
८. माइन्युट प्रमाणितबारे ।
९. विविध ।

**१९ औं वार्षिक साधारणसभा कार्यक्रम**

**मिति** : २०८३ आश्विन १७ गते, शनिबार
**समय** : बिहान १०:०० बजे
**स्थान** : सिद्धि गणेश तालिम हल, खँचा

**पुनश्चः**

➢ उपस्थित हुँदा अनिवार्य रूपमा पासबुक वा परिचयपत्र साथमा लिएर आउनु पर्नेछ ।
➢ ६ महिनाभन्दा बढी नियमित बचत र ऋणको ब्याज नतिर्ने र भाखा नाघेका ऋणी सदस्यहरूलाई संस्थाले प्रदान गरिने सुविधा दिइनेछैन ।

**सञ्चालक समिति**


## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

नियमित बचत गर्ने बानी बसालौं

# नियमित बचत



• मासिक रु. १००।- देखि रु. १०,०००।- सम्म बचत गर्न सकिने ।
• हरेक २ वर्षमा १ पटक (जुनसुकै महिना) खातामा रु. ३०००।- बाँकी राखी बचत फिर्ता पाइने ।
• बचत फिर्ता लिएको ३ महिना पछि मात्र ऋण लिन पाउने ।
• सदस्यको मृत्युमा परिवारलाई रु. १००००।- राहत रकम दिइने ।

# स्वास्थ्य बचत



• ६० बर्ष ननाघेका सदस्यहरुले बचत गर्न पाउने ।
• मासिक रु.१,०००।– सम्म बचत गर्न पाउने ।
• औषधि उपचारका लागि रु.५००।– बाँकी राखी रकम झिक्न सकिने ।
• रु.१०,०००।– सम्म औषधि उपचार खर्च पाइने ।
• सदस्यको निधन भएमा संस्थागत राहत रकमसहित रु.४५,०००।– सदस्यको परिवारलाई दिइने ।
• रु.३० हजार ३ महिनाका लागि निब्र्याजी स्वास्थ्य उपचार ऋण उपलब्ध हुने ।
• दुर्घटना भएको १५ दिनभित्र अनिवार्य रुपमा लिखित जानकारी र ३० दिनभित्र सक्कल विल सहित निवदेन दिनुपर्ने ।

रु. ४५,०००।– राहत
रु. १०,०००।– खर्च

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE


"आजको आवश्यकता सुरक्षित लगानी, सुरक्षित लगानीको लागि शुभकामना"

# शुभकामना बचत तथा ऋण सहकारी संस्था लि.

SUBHAKAMANA SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

भक्तपुर, (सहकारी ऐन २०४८ अनुसार स्थापित)

## २६ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८३/०५/०९ गते**

आदरणीय शेयर सदस्यज्यूहरू,

यस संस्थाको २६ औं वार्षिक साधारणसभा देहायका विषयमा छलफल तथा निर्णय गर्न तोकिएको मिति, समय र स्थानमा हुने भएकोले उपस्थितिको लागि सम्पूर्ण शेयर सदस्य महानुभावहरूमा यसै सूचनामार्फत अनुरोध गरिन्छ ।

**साधारणसभाको औपचारिक कार्यक्रम**

**मिति** : २०८३/०६/१० गते, शनिबार
**समय** : बिहान १०:०० बजे
**स्थान** : शुभकामना पार्टी प्यालेस, कालाँचा, भक्तपुर
**उपस्थिति पुस्तिका** : बिहान ८:०० बजेदेखि दिउँसो १:०० बजेसम्म खुला गरिनेछ ।

**छलफलका विषयहरु**

१) आ.व. २०८२/०८३ को वार्षिक प्रगति प्रतिवेदन तथा आगामी वर्षको नीति तथा कार्यक्रममाथि छलफल तथा निर्णय ।
२) आ.व. २०८२/०८३ को आर्थिक प्रतिवेदन तथा आगामी वर्षको अनुमानित बजेटमाथि छलफल तथा निर्णय ।
३) आ.व. २०८२/०८३ को आन्तरिक लेखा सुपरीवेक्षण समितिको प्रतिवेदनमाथि छलफल तथा निर्णय ।
४) आ.व. २०८२/०८३ को लेखापरीक्षण प्रतिवेदनमाथि छलफल तथा निर्णय ।
५) आ.व. २०८३/०८४ को लागि बाह्य लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा ।
६) संस्थाको नीति, कार्यविधिहरू थप तथा संशोधनमाथि छलफल तथा निर्णय ।
७) आ.व. २०८२/०८३ मा सञ्चालक समितिको महत्त्वपूर्ण निर्णयहरू अनुमोदन ।
८) आ.व. २०८२/०८३ को शेयर लाभांश तथा संरक्षित पुँजी फिर्ता वितरण सम्बन्धमा ।
९) नियमनकारी निकायको निर्देशनको जानकारी सम्बन्धमा ।
१०) संस्थागत प्रतिनिधिको जानकारी सम्बन्धमा ।
११) सम्पत्ति शुद्धीकरण निवारणतर्फका कार्यहरूको कार्यान्वयनसम्बन्धी जानकारी ।
१२) २६ औं वार्षिक साधारणसभाको निर्णयपुस्तिका प्रमाणित गर्न प्रतिनिधि चयन सम्बन्धमा ।
१३) विविध

**पुनश्चः**

१) साधारणसभामा भाग लिन आउँदा सदस्य स्वयम् उपस्थित भई संस्थाको पासबुक वा कुनै फोटोसहितको परिचयपत्र अनिवार्य लिई आउनुहोला ।
२) नियमित बचत नियमित नभएका सदस्यहरूले साधारणसभा अगावै नियमित बचत जम्मा गरिसक्नुपर्नेछ ।
३) माथि प्रस्तुत कार्यसूचीहरूमाथि थप प्रस्ताव भएमा इच्छुक सदस्यहरूले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र मुख्य कार्यालयमा सूचना दिनुहोला ।

**थप जानकारीको लागि सम्पर्क नं.: ६६१३९६१, ६६११५४०, ६६१९१४०, ६६१०६३९**

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा